**चीसो मौसममा मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न**

- चीसोमा बाहिर ननिस्कौं,
- धूमपान मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायामलाई निरन्तरता दिऔं,
- हृदयरोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता स्वास्थ्य समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गराऔं,

**जाडोको जोखिमबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ माघ २७ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 February 10 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १६४

## वीरगंज महानगरले सार्वजनिक अतिक्रमण जग्गा खाली गराउँदै

प्रस, वीरगंज, २६ माघ/

वीरगंज महानगरपालिकाले सार्वजनिक जग्गा अतिक्रमण गरेर निर्माण गरेको वीरगंज-१० प्रभु अस्पताल अगाडिको घर आज डोजर लगाएर भत्काएको छ ।

करीब १० धुर जग्गामा पक्कीघर बनाएर व्यक्ति विशेषले कब्जा गरेको पुष्टि भएपछि महानगरले आज सो घर भत्काएको हो । यो जग्गाको सम्बन्धमा सर्वोच्च अदालतले आठ वर्ष अगाडि फैसला गरे पनि व्यक्तिविशेषले जग्गा खाली नगरेर कब्जा गरेर बसेको थियो । नगरप्रमुख राजेशमान सिंह, वडाध्यक्ष रितेश गुप्ता, महानगरको ऐलानी पर्ती जग्गा संरक्षण समितिका संयोजक शम्भु मिश्र, सरसफाइ प्रमुख सर्पुद्दीन मियाँसमेतको उपस्थितिमा सार्वजनिक अतिक्रमित जग्गामा बनेको घर भत्काइएको हो ।



तस्वीर: प्रतीक

महानगरको ऐलानी पर्ती जग्गा संरक्षण समितिका संयोजक मिश्रले वीरगंज महानगर-२५ सुक्खा बन्दरगाह क्षेत्रमा करीब नौ कट्ठा जग्गा अतिक्रमण भएको र महानगरले शुक्रवार डोजर लगाएर अतिक्रमण हटाउने बताए । उनले रामगढवामा एकजना महिलाको मृत्यु भएको र निजको हकभोग खाने कोही नभएको अढाई कट्ठा जग्गा अतिक्रमण भएको र त्यसलाई पनि खाली गर्ने बताए ।

संयोजक मिश्रले शङ्कराचार्यद्वार नजीक करीब सात कट्ठा सार्वजनिक जग्गा अतिक्रमणको शिकार भएको र सो ठाउँलाई पनि अतिक्रमणमुक्त गरिने बताए । आजदेखि शुरू भएको अभियानले पहिलो चरणमा सार्वजनिक जग्गा अतिक्रमण देखिएका क्षेत्रहरू खाली गराएर पुनः सार्वजनिक जग्गाको खोजी गरिने र अतिक्रमणमुक्त गराउने बताएका छन् ।

### चालीस वर्ष पुग्दा पनि माईराम पोखरीको अतिक्रमण खाली भएन

वीरगंज महानगरपालिकाले सार्वजनिक जग्गा अतिक्रमण अभियान अन्तर्गत आजदेखि पुनः अभियान शुरू गरे पनि पुरानो माईराम पोखरी (हालको चिल्ड्रेन पार्क)को अतिक्रमण भने हटाउन सकेको छैन ।

मझौला शहर एकीकृत वातावरणीय सुधार योजना अन्तर्गत एडिबीसमेतको सहयोगमा माईराम पोखरीमा चिल्ड्रेन पार्क निर्माण भएको थियो । पार्क निर्माण गर्दा पोखरीको करीब चार बिघा जग्गामध्ये १९ कट्ठामा मात्र पार्क निर्माण भएर पर्खाल लगाइएको थियो । करीब तीन बिघा एक कट्ठा जग्गा अतिक्रमणमा परेको र यो अर्बौं रुपियाँको सम्पत्तिमा महानगर अहिलेसम्म उदासीन छ । माईराम पोखरी अतिक्रमणमुक्त अभियान आजदेखि शुरू भएको होइन । करीब साढे तीन दशकदेखि माईराम पोखरी अतिक्रमणविरुद्ध प्रयास हुँदै आएको छ ।



तस्वीर: फाइल

वीरगंज नगर पञ्चायत हुँदादेखि अहिले महानगर भइसक्दा पनि सो क्षेत्रको अतिक्रमण हटेको छैन । ५७ जनाले तीनदेखि एक कट्ठा जग्गासम्म खरीद गरेको निस्साको आधारमा २०४७ सालको नयाँ नापीबाट पोखरीको जग्गा आफ्नो नाममा गराएर हाल साबिक पनि गराइसकेका छन् । महानगरसँग सो जग्गाको दसी प्रमाण पर्याप्त हुँदाहुँदै पनि अहिलेसम्म अतिक्रमणमुक्त हुन सकेको छैन । पछिल्लो समयमा कात्तिक २१ गते चिल्ड्रेन पार्क खाली गर्ने अभियान शुरू गरिएको थियो । तर श्रीराम अस्पतालको अतिक्रमण हटाउने र केही अतिक्रमित घरमा घन हानेर तर्साउनेबाहेक उपलब्धि हुन सकेन । कात्तिक २१ गतेदेखि अभियान शुरू भएको र माईराम पोखरी (चिल्ड्रेन पार्क)को अतिक्रमण हटाउने भनेर महानगरका नक्शा शाखा प्रमुख रामसेवक महतोले बताएका थिए । तर अहिले उनी पनि सूचना जारी गरेको, पुनः सूचना जारी गरेको, अब तोड्ने, तब तोड्ने जस्ता आलटाले कुरा मात्रै गर्दैआएका छन् ।

नगरप्रमुख सिंहले भने अतिक्रमित जग्गा खाली गराउने बताए पनि अहिलेसम्म हतौडा र घन चलाउनेबाहेक सो सार्वजनिक जग्गाको अतिक्रमण हटाउन सकेका छैनन् ।

## अदालतको बेथितिबारे कलम चलाउन न्यायाधीशको सुझाव

प्रस, वीरगंज, २६ माघ/

उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले बिहीवार पत्रकार सम्मेलन गरेर अदालतबाट प्रवाह भएको मुद्दा र रीट लगत खर्चसम्बन्धी जानकारी गराएको छ ।



तस्वीर: प्रतीक

न्यायाधीश अच्युत भण्डारीले देवानी १०१३, व्यक्तिवादी फौज्दारी २६५, सरकारवादी फौज्दारी ५५७, परमादेश १४३, अधिकारप्रेक्षा १, उत्प्रेषण १७९, निषेधाज्ञा २८० र शुरूको मुद्दा २५५ गरी २६४३ मुद्दाको जिम्मेवारी सरेर आएको र माघ २५ गतेसम्म १८८१ वटा नयाँ मुद्दा दर्ता भएको जम्मा लगत ४५६४ वटा रहेकोमा ८६४ मुद्दा फछ्र्योट भइसकेको बताए ।

उनले यो अवधिमा छ महीनादेखि एक वर्षभित्रको ३१५७ वटा मुद्दा र एक वर्षदेखि १८ महीनासम्मको २१३ वटा तथा दुई वर्ष नाघेका ३८० वटा मुद्दा गरी ३७५० वटा मुद्दा फछ्र्योट हुन बाँकी रहेको बताए । न्यायाधीश भण्डारीले हालसम्म अभिलेखमा दर्ता भएका छिनुवा मुद्दा ५६ हजार ५९६ थान रहेको बताउँदै अदालतको आफ्नो भवन अहिलेसम्म निर्माण हुन नसकेको र वीरगंज चिनी कारखानामा कठिनाइका साथ कार्य सम्पादन गर्नुपर्ने अवस्था रहेको बताए । सरकारले यही वर्षको २८ गते अदालतको नाममा दुई बिघा जग्गा उपलब्ध गराए पनि अहिले वीचिकालीको साँघुरो भवनबाट काम गरिरहेको र न्यायाधीशहरूको लागि छुट्टै च्याम्बर पनि नभएको बताए । उनले तत्कालै भवन निर्माण गर्नुपर्ने आवश्यकता रहेको जनाए ।

न्यायाधीश भण्डारीले अदालतको क्रियाकलापबाट समुदायलाई जानकारी गराउने उद्देश्यले पत्रकारहरूसँग नियमित भेटघाट गर्दै आएको, विद्यालय र समुदायमा पुगेर अदालतको विषयमा छलफल गर्ने गरेको बताए । उनले अदालतप्रति नकारात्मक सोच विकसित हुन नदिन यस प्रकारको गतिविधि गरिएको बताए ।

पत्रकार सम्मेलनमा न्यायाधीश भण्डारीले पत्रकारहरूलाई अदालतको बेथिति, भ्रष्टाचार र गलत फैसलाबारे निरन्तर कलम चलाउन सुझाए । पत्रकारको सुझाव सल्लाहबाट अदालतमा हुने विकृति कम हुने उनले बताए । अदालतमा हुने गलत क्रियाकलापबारे थाहा पाउने माध्यम पत्रकारिता भएकोले पत्रकारले सही समाचार सम्प्रेषण गर्न डराउनु नपर्ने र त्यसका लागि मानहानिको मुद्दा खेप्नु नपर्ने जिकिरसमेत गरे ।

उनले आफ्नो तहबाट हुने अदालतसम्बन्धी गलत क्रियाकलाप नियन्त्रणका लागि सबै न्यायाधीशहरू सक्रिय भएको भन्दै अहिले मिसिल हेरफेर गर्नेलाई कारबाई प्रक्रिया अगाडि बढाइएको बताए । दुई वर्ष पुगेका मुद्दा र पुराना मुद्दा छिनोफानो गर्ने प्रयास रहेको भन्दै यस्ता क्रियाकलापमा मिसिल हेरफेर गरेको पाइएकोले दोषीहरूलाई कारबाई प्रक्रिया शुरू भएको बताए ।

पत्रकार सम्मेलनमा न्यायाधीशहरू लेखनाथ पौडेल, गणेश बराल, घनश्याम भट्ट, शान्ता सेढाइँ सहभागी थिए ।

## राधेमाईमठको जग्गाबारे उच्च अदालतले अन्तरिम आदेश दिएन

प्रस, वीरगंज, २६ माघ/

वीरगंज-१३, राधेमाईस्थित रामराजापुलको छेउको विवादित मठको जग्गाबारे उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले अन्तरिम आदेश नदिएपछि भूमाफियाहरू तिलमिलाएका छन् ।



तस्वीर: प्रतीक

उच्च अदालत वीरगंजका न्यायाधीश गणेशप्रसाद बराल र शान्ता सेढाइँ सापकोटाको संयुक्त इजलासले नयाँ नापीमा पनि मठ, मन्दिर, श्मशानघाट, सडक, पुल रहेको र सोही जग्गामध्ये कित्ताकाट गरी दूषित तरीकाले दर्ता गराएको, सो जग्गा स्वतः बदर हुने देखिएको तथा निवेदकको पक्षमा अन्तरिम आदेश जारी नहुँदा निवेदकलाई कुनै अपूरणीय क्षति हुन नसक्ने अवस्थामा रहेको भन्दै निर्णय गरेपछि अहिले भूमाफियाहरूको चलखेल रोकिएको छ ।

भूमाफियाहरूले सो सार्वजनिक जग्गा हात पार्न कीर्ते गरी आफ्नो नाममा दर्ता गराएपछि लामो समयदेखि मठको जग्गा विवादित छ ।

हाल पवनकुमार अग्रवालको नाममा फरक-फरक कित्तामा करीब ५५ कट्ठा जग्गा दर्ता रहेको तथा सो जग्गामा माटो पुर्दा वा पर्खाल लगाउँदा केही स्थानीय बासिन्दाले रोक लगाएको भन्दै आफ्नो जग्गामा काम गर्न पाउँ भनी अन्तरिम आदेशसहित निषेधाज्ञा मुद्दा उच्च अदालत वीरगंजमा दर्ता गराएपछि अदालतले यस्तो आदेश गरेको देखिन्छ ।

प्राप्त जानकारी अनुसार सो जग्गालाई स्थानीयले कुनै हालतमा कब्जा गर्न दिंदैनन् । २०२२ सालदेखि नै सो जग्गा सार्वजनिक रहेको देखिन्छ । भूमाफियाहरूले मालपोत तथा नापी शाखालाई प्रभावमा पारी श्रेस्तामा रहेको बेहोरासमेत मेटाई योजनाबद्ध तरीकाले तथा पछि कानून नलाग्ने भएपछि प्रक्रिया पुर्‍याई आफ्नो नाममा २०६३ सालमा दर्ता गरेपछि विवाद उत्पन्न भएको छ । अहिलेसम्म आधा दर्जनभन्दा बढी व्यक्तिको नाममा दर्ता हुँदै आएको सो जग्गा हाल पवनको नाममा दर्ता रहेको देखिन्छ । कित्ता नम्बर ६७, ७१ र २२० नम्बरको जग्गा आफ्नो हो भन्दै कैयौं व्यक्तिले दाबी गर्न आए तर स्थानीयले सो जग्गा कब्जा गर्न दिएका छैनन् । केही भूमाफियाले सुरक्षा निकायलाई समेत प्रभावमा पारी बल प्रयोग गर्न खोज्दा स्थानीयले डटेर विरोध गरेका थिए । अहिले पनि स्थानीयको सहयोगमा नै सो जग्गा कब्जा हुनबाट रोकिएको श्रीपुर निवासी सुन्दर कुर्मीले बताए ।

कुर्मीका अनुसार भूमाफियाविरुद्ध लडाइँमा आफूहरू कुनै हालतमा पछाडि नपर्ने बताउँछन् । यो खेलको पछाडि मालपोत तथा नापी कार्यालयका केही कर्मचारीको हात रहेको र हाल उनीहरू अख्तियारको फन्दामा फसिसकेको बताए । स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार सार्वजनिक जग्गा हेर्ने निकाय स्थानीय तहमा अधिकार प्रत्यायोजन गरेपछि हाल सो जग्गाबारे वीरगंज महानगरले अनुसन्धान गरिरहेको छ ।

महानगरले मालपोतबाट पटकपटक आधिकारिक कागजात माग गरेपनि पाँच महीनादेखि मालपोतले अलमलाएको बताइन्छ । मालपोत कर्मचारी स्रोतका अनुसार सो जग्गा सार्वजनिक ठहर हुने सबै प्रमाण बेपत्ता पारिएको छ । कुनै कागजात छैन ।

निवेदक पवनकुमार अग्रवालको तर्फबाट अधिवक्ता अकिल अन्सारी, सराजुल अन्सारी तथा स्थानीयको तर्फबाट अधिवक्ता वीरेन्द्र यादव, प्रमोद प्रसाद र दिनानाथ साहले बहस पैरवी गरेका थिए ।

## गरुडा नपाको कार्यालय प्रमुखमा भूदेव झा

प्रस, गरुडा, २६ माघ/

गरुडा नगरपालिका, रौतहटको नयाँ कार्यालय प्रमुखमा बिहीवार भूदेव झा हाजिर भएका छन् । लामो समयदेखि निमित्त प्रमुख प्रशासकीय अधिकृतबाट चलिरहेको गरुडा नगरपालिकाको कार्यालय प्रमुखको लागि नगर प्रमुख कन्थमणिप्रसाद कलवारको प्रयासमा उपसचिव झा आजदेखि हाजिर भएका हुन् ।

रौतहटकै ईशनाथ नगरपालिकाको कार्यालय प्रमुखको रूपमा कार्यरत झालाई सामान्य प्रशासन मन्त्रालयले गरुडा



नगरपालिका कार्यालय प्रमुखको थप

(बाँकी अन्तिम पातामा)

## दुर्घटनामा पूर्व अध्यक्षको मृत्यु

प्रस, सिम्रौनगढ, २६ माघ/

सिम्रौनगढ नगरपालिका-५ कोल्डस्टोर नजीक गण्डक सडकखण्डमा आज साँझ मोटरसाइकल ठोकिएर एकजना पूर्व गाविस अध्यक्षको घटनास्थलमैं मृत्यु भएको छ ।

सिम्रौनगढ नपा-१० साबिक देवापुर टेटा गाविसका पूर्व अध्यक्ष महावीर साह कानूको मोटरसाइकल दुर्घटनामा मृत्यु भएको प्रहरीले जनाएको छ ।

कानूलाई मोटरसाइकलको पछाडि राखेर घरतर्फ जाने क्रममा विपरीत दिशाबाट आएको अर्को मोटरसाइकलले ठक्कर दिएको र उनको घटनास्थलमैं मृत्यु भएको प्रहरीले जनाएको छ ।

ठक्कर दिने मोटरसाइकल चालक सिम्रौनगढ-४ का वाल्मीकि यादव पनि घाइते भएका छन् र उनको नगर अस्पतालमा उपचार भइरहेको छ ।

## विचारसार र सूक्तिहरू

**अर्काको गल्ती बताउनु जति सजिलो छ, आफ्नो गल्ती ठम्याउनु त्यति नै गाह्रो हुन्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# किम र मिसाइल

**साम्यवादी मुलुक उत्तर कोरियाका नेता किम जोङ उनले आफ्नो फौजलाई युद्ध अभ्यास विस्तार गर्न निर्देशन दिएका छन् । यो सुदृढ युद्ध तयारीका निम्ति दिइएको निर्देशन हो । छिमेकी मुलुक दक्षिण कोरियालगायत जापान र वाशिंगटनसँग तनाव बढिरहेकैबीच उनको निर्देशन सार्वजनिक भएको हो । आणविक हतियार र क्षेप्यास्त्र कार्यक्रम न्यूनीकरण गर्नु पर्नेमा उत्तरले थप बढावा दिन थालेपछि अमेरिका र एशिया–प्रशान्त क्षेत्रका उसका सहयोगीलाई चिन्तित बनाएको छ । सर्वोच्च कमान्डर किमको निर्देशनपूर्व नै उत्तर कोरियाली लालसेनामा महान् परिवर्तन ल्याउने, युद्ध अभ्यासलाई निरन्तर विस्तार गर्ने र युद्धको तयारीलाई तीव्र गतिमा अघि बढाउने बारे त्यहाँको सैन्य आयोगले काम थालेको कुरा सार्वजनिक भएको छ ।**

**यसैबीच उत्तर कोरियाले अहिलेसम्मकै सबैभन्दा ठूलो ब्यालिस्टिक मिसाइल प्रदर्शन गरेको छ । बुधवार प्रदर्शन गरिएको मिसाइलहरूले अमेरिकाको रक्षा प्रणालीलाई  गम्भीर चुनौती दिन सक्ने अन्तर्राष्ट्रिय सैन्य विश्लेषकहरूको ठम्याइ छ । सैन्य परेडमा एक दर्जन बढी ब्यालिस्टिक मिसाइल प्रदर्शित गरिएका थिए । कोरियाली जनसेना स्थापनाको ७५ औं वार्षिकोत्सवको अवसरमा सैन्य परेडसँगै सो प्रदर्शनी गरिएको हो । उक्त प्रदर्शनी संसारमा हालसम्मकै सबैभन्दा ठूलो आणविक प्रदर्शनी मानिएको छ । यस किसिमको अस्त्र सो परिमाणमा हालसम्म कुनै पनि मुलुकले प्रदर्शन गरेको छैन । परेडमा देखाइएको मिसाइलमा अमेरिकी मुख्य भूमिसम्म सहजै प्रहार गर्न सक्ने क्षमता रहेकोले संसारको सबैभन्दा शक्तिशाली राष्ट्र मानिएको अमेरिका तथा अमेरिकी आणविक सुरक्षालाई चुनौती थपिएको छ । प्रदर्शित हतियारले उत्तर कोरियाको शक्तिशाली युद्ध प्रतिरोध र सहजै प्रत्याक्रमण गर्न सकिने बताइन्छ ।**

**उत्तर कोरियाको परमाणु बम संसारकै लागि चिन्ताको विषय छ । उक्त परमाणु क्षमता न्यूनीकरणका लागि विश्वभर आवाज उठिरहेको र प्रयास पनि भएको छ । तर त्यसले सार्थक उपलब्धि हासिल गर्नुभन्दा समस्या झन् थप्ने काम गर्‍यो । अमेरिकी राष्ट्रपति निर्वाचित भई आउने हरेकको मुख्य मुद्दा उत्तर कोरियाको आणविक हतियार न्यूनीकरण हुन्छ । उत्तरलाई झुकाउन विभिन्न गठबन्धन गरिन्छ, नाकाबन्दी तथा प्रतिबन्ध लगाइँदै आइएको छ । परिणाम भने उल्टो भइदिन्छ । उत्तर भडकन्छ र गाँस काटेर पनि परमाणु हतियारमा खर्च बढाउने गरेको छ । उत्तर कोरिया र संयुक्तराज्य अमेरिका एवं दक्षिण कोरियाबीच भएका धाकधम्की, प्रतिबन्ध र एक्ल्याउनेजस्ता वर्षौंदेखिका कुनै पनि नीति सफल भएको देखिन्न । सन् २०१७ मा नेता किमले लामो दूरीका क्षेप्यास्त्र परीक्षण रोकेर तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग वार्तामा बसेका थिए । वार्ता भए पनि ठोस प्रगति हुन सकेन ।  कूटनीतिक प्रयासलाई हतियार कार्यक्रमले बाधा नगर्ने किमले बताएका थिए । एकलकाटे उत्तर कोरियालाई लचकताका साथ सोच र व्यावहारमा परिवर्तन गराउनुपर्नेमा त्यसो हुन सकेको छैन । वार्ता चलिरहँदा पनि उत्तरमाथि विभिन्न आरोप लगाइयो । परमाणु सम्पन्न अमेरिकाले भोलि उत्तरसँग के व्यवहार गर्छ, ग्यारेन्टी छैन । अमेरिकासँग सशङ्कित भएर पनि उत्तरले परमाणु कार्यक्रम त्यागेको छैन । धम्की होइन, अब विश्वासमा पारेर मात्रै उत्तरको परमाणु हतियार कटौती गर्न सकिन्छ ।**

# रवि लामिछानेको अन्तरघाती गोल

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**आफू पत्रकार हुँदा सरकार र सत्तालाई गाली गर्ने, आफैं सत्तामा पुगेपछि भने पत्रकारलाई गाली गर्ने चरित्र दुर्भाग्यपूर्ण हो । रवि लामिछानेले मन्त्रीपद हासिल नभएपछि अत्यधिक आक्रोश देखाएका छन् जुन नहुनुपर्ने हो ।**

आफू सधैं ठीक र बाँकी सबै सधैं गलत भन्ने मान्यतालाई नै अहङ्कार भनिन्छ । अहङ्कारबाट ग्रसित व्यक्ति एकपछि अर्को गलती गर्दै जान्छ र अन्ततः पतनको शिकार हुन्छ । समकालीन नेपाली राजनीतिमा पत्रकारिताबाट राजनीतिमा पदार्पण गरेका रवि लामिछानेको अवस्था यसको एउटा उदाहरण हो । ईर्ष्या, द्वेष र पूर्वाग्रही भएर उनी आफूलाई चोखो साबित गर्न उनले अन्यमाथि लगाएको आरोपहरू स्वयं उनकै निम्ति पनि आत्मघाति साबित हुनेछ किनभने उनी स्वयं पनि नैतिकता र कानूनको कमजोर धरातलमा उभिएका छन् ।

नेपाली पत्रकारिता क्षेत्रमा छोटो समयमा नै ख्याति कमाउनेमध्येका एक पत्रकार रवि लामिछाने हुन् । पत्रकारिताभन्दा पनि थोरै समयमा उनी राजनीतिमा ठूलो सफलता प्राप्त गरे । दल दर्ता गरेको छ महीनाभित्रमैं उनले प्रतिनिधिसभाका २० सिट जिते । माधवकुमार नेपालको नेकपा एकीकृत समाजवादी, राप्रपा, जसपा र लोसपालगायत स्थापित पार्टीलाई उछिन्दै देशकै चौथो ठूलो दल बन्नु सामान्य उपलब्धि होइन । भनिन्छ, विनाकुनै राजनीतिक सिद्धान्त एवं दर्शन, पृष्ठभूमिसहितको नेतृत्व, प्रस्ट आर्थिक एवं सामाजिक नीतिविना केवल भावनात्मक एवं संवेदनशील नारा तथा सामाजिक सञ्जालको हावामा राजनीतिमा आफ्नो अग्रणी स्थान बनाउनेहरू उल्कापात जस्तै चम्किएर त आउँछन्, तर उल्कापातजस्तै विलीन हुन पनि बेर लाग्दैन । रवि लामिछानेले जति ठूल्ठूला उपदेश, नीति, सिद्धान्त र नैतिकताका कुरा गरे त्यसमा उनी स्वयं नै टिक्न सकेनन् । दक्षिण एशियाका अधिकांश देशहरू खासगरी श्रीलङ्का, पाकिस्तान, नेपाल र अफगानिस्तानमा क्रान्तिकारी कुरा गर्ने र राष्ट्रवादको चर्को नारा लगाउनेहरूलाई यहाँका जनता रातारात आफ्नो हीरो मानिहाल्छन् । तर एउटा सामान्य गलती अथवा त्रुटि हुँदा तिनलाई विस्थापित गर्न बेर लगाउँदैनन् । ये बेग्लै कुरा हो कि यस्ता खाले नेताको भावनात्मक नाराको पछाडि लागेर त्यस्ता अनुहारलाई आफ्नो नायक ठान्ने सोझा जनता स्वयं आफ्नो निम्ति र देशको निम्ति ठूलो गलती गरिसकेका हुन्छन् । रवि लामिछानेले पनि नेपाली जनताको यिनै कमी–कमजोरीबाट फाइदा उठाएर चुनावमा राम्रो सफलता हासिल गरे । स्थानीय तहको निर्वाचनमा काठमाडौं, जनकपुर र धरानजस्ता ठाउँमा स्वतन्त्र उम्मेदवार मेयर पदमा निर्वाचित भएपछि स्वतन्त्रको हावा नै चल्यो । रवि लामिछानेले आफ्नो पार्टीको नाम नै स्वतन्त्र राखे । जबकि स्वतन्त्रहरूको पार्टी कसरी हुन सक्दछ ? र पार्टी स्वतन्त्र कसरी हुन सक्छ भन्नेबारे सोच्ने फुर्सत नै कसैलाई भएन । दलीय व्यवस्था, त्यसमा पनि प्रदेश र सङ्घमा सरकार चलाउन ५१ प्रतिशत बहुमत अनिवार्य हुन्छ । विनाबहुमत एउटा पनि विधेयक पारित हुन सक्दैन र विधेयक पारित भएन भने देश कसरी अघि बढ्ने भन्ने विषयबारे अवगत भएर पनि स्वतन्त्र शब्दलाई कतिपले मन पराए । यो भ्रमबाहेक अरू केही पनि थिएन । रवि लामिछानेको विवादसित पनि नाता रहिआएको छ । उनी अमेरिकामा हुँदा पनि उनको नाम विवादमा आएको थियो भने एकजना पत्रकारले आत्महत्या गर्दा पनि उनको नाम नमुछिएको होइन । अहिले पनि भरसक त्यस मुद्दाको छिनोफानो भएको छैन । उनले एकै साथ नेपाल र अमेरिकाको गरी दुई देशको नागरिकता र पासपोर्ट बोकी हिंडेका थिए । आवश्यकता परे अमेरिकी र मन परे नेपाली पहिचान प्रयोग गर्ने काम पनि उनले मज्जले गरे । सामाजिक सञ्जालको वर्तमान युगमा उनको नाम, नेतृत्व र पार्टीको ब्रान्डिङ पनि ठूलो स्तरमा भयो । चितवनमा उनी अत्यधिक मतबाट विजयी भए । तर जब उनको नागरिकता र राहदानीको विषय विवादमा रहेको थियो त्यति बेला उनले गृह मन्त्रालयको जिम्मेवारी लिनु उचित हुँदैनथ्यो । कमसेकम उनको नागरिकता प्रकरण छानबीन सम्पन्न भएपछि उनले मन्त्रालय लिएको भए, बढी उपयुक्त हुने थियो । सुशासन, पारदर्शिता र इमानदारीको कुरा गर्नेले पहिले आफैंबाट थालनी गर्नुपर्छ । सुशासन र नैतिकताको राजनीति गर्ने उद्घोषसहित राजनीतिमा आएका रवि लामिछानेले सर्वोच्च अदालतको फैसलासँगै सांसद, उपप्रधानमन्त्री तथा गृहमन्त्री संसदीय दलको नेता र पार्टी सभापति गुमाएको दोस्रो दिनमैं सबै पदमा फर्किन खोज्नुमा उनको पदलोलुपता देखिन्छ ।

रवि लामिछानेको काँधमा बन्दूक राखेर राष्ट्रपतिको चुनावमा आफ्नो उम्मेदवारलाई प्रस्तावित गर्न नेकपा माओवादी केन्द्रप्रति अत्यधिक दबाब बनाउने नियतले नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओलीले रवि लामिछानेलाई पुनः मन्त्रिमण्डलमा ल्याउन जुन भगिरथ प्रयास गरे त्यसले रवि लामिछानेको पदलोलुपतालाई दर्शाउँथ्यो । स्थापित ठूला राजनीतिक दलको विरोध गरेर नै उनले राजनीतिक सफलता प्राप्त गरेका थिए, तर नेकपा एमालेका अध्यक्षले उनीप्रति देखाएको सदाशयता, समर्थन र सदभावको प्रदर्शन अन्ततः लामिछानेको निम्ति धृतराष्ट्र आलिङ्गन साबित भयो । उनी गृहमन्त्री बन्न जति व्यग्र थिए, उनलाई मन्त्री बनाउन प्रधानमन्त्री त्यति हतारमा थिएनन् र अहिले पनि छैनन् । अब रवि लामिछानेको पार्टीको अस्तित्व प्रतिनिधिसभामा अङ्गगणितको हिसाबले मात्रै महत्त्वपूर्ण छ, अन्यथा अनुहारमा वैकल्पिक राजनीतिक शक्तिको छवि हेर्न कोही पनि तयार हुँदैन । नागरिकता प्रमाणपत्र लिएकै दिन उनी पार्टीको साधारण सदस्य, केन्द्रीय सदस्य तथा पार्टी सभापति बन्नु कुनै चमत्कारभन्दा कम थिएन । दुई दिन अघि राजीनामा दिएर पुनः मन्त्रीमा दाबी गर्नु पदलोलुपताको सङ्केत हो । लामिछाने पुनः मन्त्री बन्ने विषय संविधान र कानूनभन्दा पनि नैतिकताको विषय हो ।

मन्त्री बन्न नपाएको झोकमा उनले पार्टीका सबै मन्त्रीलाई सरकारबाट बाहिर ल्याए । सम्भवतः उनले मधेसी दलहरूबाट यो शिक्षा ग्रहण गरेको हुनुपर्छ । पार्टी सभापति मन्त्री बन्ने अवस्था नआएपछि पूरै पार्टीलाई सरकारबाट बाहिर राख्ने चरित्र त मधेसी दलहरूको देखिएकै छ ।

मन्त्री बन्न असफल भएपछि रवि लामिछाने देशका कतिपय सञ्चारमाध्यम, तिनका सम्पादक र प्रकाशकमाथि नै खनिएका छन्, तथानाम आरोप लगाएका छन् । आफू स्वयं पत्रकारिता पृष्ठभूमिबाट आएका कारण उनले सञ्चारमाध्यममाथि यसरी आरोप लगाउनुहुँदैनथ्यो । उनको आरोपलाई खण्डन गर्दै आफ्नो पक्ष राख्नेहरूमाथि सामाजिक सञ्जालमार्फत जथाभावी गालीगलौज गर्ने क्रम बढेको छ । तथ्य र तर्क नभएपछि आक्रोश उठ्छ नै । आक्रोशमा आएपछि व्यक्ति आफ्नो धैर्य गुमाउन पुग्छ, बलियोले भौतिकरूपमा आक्रमण गर्न पुग्छ तर निरीहले गालीको सहारा लिन्छन् । अहिले भइरहेको यही हो । त्वरित प्रतिक्रियाका लागि काठमाडौं चर्चित छ । काठमाडौंका युवाहरू चाँडै सडक प्रदर्शनमा पनि उत्रिहाल्छन् । रवि लामिछानेले आफ्ना समर्थकहरूलाई संयमित हुन अपील गर्नुपर्छ । तथ्य र तर्कको सहारा लिनुपर्छ । उनी स्वयंले पनि अब सोझो कुरा गर्नुपर्छ । आफूसित दुई देशको नागरिकता भएको कुरा उनले स्वीकार गरेका छन्, यस्तामा उनले कानूनको मार्ग अवलम्बन गर्नुपर्छ । गृहमन्त्री भएपछि उनले जनता र मातहतका कर्मचारीलाई कानूनको पालन गर्न आग्रह गरेका थिए । अब त्यही जिम्मेवारी स्वयं उनको काँधमा आएको छ ।

नेपालको सञ्चारजगत् विवादरहित छैन । त्यसमा पनि राष्ट्रिय राजधानी काठमाडौंका मिडियाको निष्पक्षता, इमानदारी र दायित्वबोधमा समय–समयमा प्रश्न उठेका छन् । सम्बन्धित सञ्चारमाध्यमले पनि आफ्नो कसूर अनुसार सजाय भोग्ने नै छ तर त्यसको पनि तरीका हुन्छ । नेपाल पत्रकार महासङ्घका महासचिवले विज्ञप्ति नै जारी गरी सञ्चार प्रतिष्ठान र सञ्चारकर्मीको नामै लिएर सार्वजनिकरूपमा धम्की दिनुले नेपालका सञ्चार प्रतिष्ठान र सञ्चारकर्मी असुरक्षित हुन सक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् । त्यसैगरी नेपाल पत्रकार महासङ्घका एकजना पूर्व अध्यक्षले लामिछानेको आक्रोश आफूलाई कानूनभन्दा माथि राखेर राज्यबाट प्राप्त हुने अधिकार दुरुपयोगको सपना बिथोलिएपछिको विचलित मानसिकताको परिणामको संज्ञा दिएका छन् भने एकजना वरिष्ठ अधिवक्ताले जब शक्तिमा रहेका व्यक्तिहरूमाथि प्रश्न उठ्छ उनीहरू अदालत र प्रेसप्रति खनिन्छन्–लामिछानेले त्यही गरेका हुन् । यो लोकतन्त्रमाथि आक्रमण हो उनी भन्छन् । पत्रकार हुँदा सरकार र सत्तालाई गाली गर्ने, आफैं सत्तामा पुगेपछि पत्रकारलाई गाली गर्ने चरित्र दुर्भाग्यपूर्ण हो । रवि लामिछानेले मन्त्री पद हासिल नभएपछि अत्यधिक आक्रोश देखाएका छन् जुन नहुनुपर्ने हो ।

# भारतीय बजारका कारण मारमा उपभोक्ता

पोखरिया, २६ माघ/रासस

नेपाली धानको मूल्यवृद्धि भएकोले किसानले राहत राहतको अनुभूति गरेका लगाएको र भारतमैं पनि मूल्यवृद्धि भएकोले नेपाली धानको मूल्य पनि गत वर्षको तुलनामा बढेको हो । पर्सालगायत मधेस प्रदेशका किसान मारमा पर्दै आए पनि यसपाली भने केही भए पनि राहत पाएका छन् । वीरगंज–



नेपालीको कारण भीडभाड भएको सीमावर्ती भारतीय इनर्वा बजार । तस्वीर: फाइल/प्रतीक

छन् । यसपाली नेपाली धानको मूल्य गत वर्षको तुलनामा प्रतिक्विन्टल रु तीन सयले वृद्धि भएपछि किसानले थोरै भए पनि राहत महसूस गरेका हुन् ।

भारतले धान निकासीमा कोटा

धानको मूल्य बढेसँगै प्रतिकेजी ४८ रुपियाँमा पाइने सोना मन्सुली चामल रु ५८ तथा रु ५० प्रतिकिलोमा पाइने मन्सुली चामल रु ६४ पुगेको छ ।

धानको पकेट क्षेत्र मानिने

३० लालपर्साका किसान सीतारामप्रसाद भन्छन्–“धानको उत्पादनमा लाग्ने खर्चभन्दा बिक्री गर्ने रकम जहिले पनि कम हुने गरेको भए पनि यसपाली भने थोरै भए पनि खुशी भएको छु ।”

उनी भन्छन्–“म अहिले ६५ वर्षभन्दा माथिको भएँ, करीब १६ वर्षको उमेरदेखि धानखेती गर्दै आएको छु । मेहनत र लगनका कारण फसल पनि राम्रै हुने गरेको छ तर फसल राम्रो उब्जाउन मल समयमा नपाउने, महँगो पाइने, भारतबाट ल्याउँदा दुःख पाउने अवस्था छ । त्यसमा पनि फसल उब्जाइहाले बेच्न समस्या हुनेगरेकामा अहिले अलिकति भए पनि धानको मूल्यवृद्धि हुँदा हामी किसान खुशी छौं तर यो पर्याप्त चाहिं होइन ।”

पर्सा, सबैठवा–४ की किसान किसमतिया देवी भन्छिन्–“धान उत्पादन गर्न सिंचाइका लागि पानी किनेरै हाल्नुपर्ने, खाद पनि महँगो पर्ने, पानी नपर्दा झन् धानखेतीलगायत सबै खेती महँगो पर्ने हुँदा धानको मूल्य वृद्धि भएको हो । यो वृद्धिले केही मात्रामा राहत भए पनि पर्याप्त भने छैन । सरकारले अझ सोच्नुपर्छ ।

धानको मूल्यवृद्धिले  एकातिर किसान खुशी भएका छन् भने अर्कोतर्फ उपभोक्ता भने मारमा परेका छन् । धानमा प्रतिक्विन्टल ३०० रुपियाँसम्म मूल्यवृद्धि हुँदा चामलमा प्रतिकिलो १५ रुपियाँदेखि २५ रुपियाँसम्म मूल्यवृद्धि भएको कारण

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## वर्तमान संविधानका प्रमुख समस्या र आर्थिक विकास


अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com


**जनता होइन, केवल नेताहरूको हितमा रहेको यो संविधानले न स्थिर सरकार दिन सक्छ, न राष्ट्रिय आर्थिक विकासको लागि सहयोगी वातावरण नै तयार पार्न सक्छ । नेपालको आर्थिक विकास तीव्र गतिमा हुने प्रावधानहरू समाविष्ट गरेर र अनावश्यक प्रावधानहरू हटाएर, यो संविधान संसोधन हुन आवश्यक छ ।**

नेपाल स्रोत र साधनले भरिपूर्ण भएको मुलुक हो । देशभित्र उपलब्ध रहेका प्राकृतिक, मानव र आर्थिक स्रोत प्रयोग गरेर राष्ट्रिय आर्थिक विकासको गति तीव्र पार्न सकिन्छ । देशभित्र अनेक व्यापार एवं उद्योग स्थापना गरेर रोजगार वृद्धि गर्न सकिन्छ । व्यक्ति एवं परिवारको आयमा वृद्धि गरेर गरीबी कम पार्न सकिन्छ । रोजगारका लागि प्रत्येक महीना मुलुकबाट हजारौंको सङ्ख्यामा युवाहरू खाडी मुलुकतिर जानु पर्ने दर्दनाक स्थितिको अन्त्य गर्न सकिन्छ ।

नेपाल स्रोत र साधनहरूले भरिपूर्ण भए तापनि किन आर्थिक विकास भइरहेको छैन ? किन अहिले पनि देश भित्र रोजगार पाउन कठिन छ ? किन युवाहरू रोजगारका लागि विदेश जान बाध्य छन् ?

हाम्रो देशको आर्थिक विकासको गति सुस्त पार्न वर्तमान संविधानले महत्त्वपूर्ण भूमिका खेलेको छ । वर्तमान संविधानबारे चर्चा गर्नु पूर्व यसको निर्माण कसरी र के उद्देश्यका लागि भयो त्यसबारे छोटो चर्चा गर्न आवश्यक छ । वर्तमान संविधान सुनियोजित र योजनाबद्ध किसिमले केही दल र तिनका नेताहरूको फाइदाका लागि निर्माण गरिएको हो । देशको आर्थिक विकासको लगि नभएर नेताहरूको फाइदाका लागि निर्माण गरिएको हो । संविधान निर्माण गर्दा देश र जनताको हितलाई होइन, नेताहरूको हितलाई केन्द्रमा राखिएको थियो । केही दल र तिनका नेताहरूको हितलाई केन्द्रमा राखेर संविधान निर्माण भएको हो भन्ने तर्कलाई प्रमाणित गर्न धेरै आधार प्रस्तुत गर्न सकिन्छ । यस आलेखमा केही आधार प्रस्तुत गरिएको छ–

**चुनावमा समानुपातिकको व्यवस्था:**

चुनावमा समानुपातिकको व्यवस्था बाहिरबाट हेर्दा समाजका कमजोर वर्गलाई पनि नेतृत्वमा समाविष्ट गराउन उद्देश्य राखिएको देखिए तापनि यसको भित्री उद्देश्य भने नेताहरूले आफ्ना भक्त वा 'हो भन्छे' लाई संसद्मा ल्याउनु हो । व्यवहारले त्यही देखाएको छ । चुनावमा समानुपातिकमा, दल वा तिनका नेताहरूले योग्य होइन आफ्नो मान्छेलाई संसद्मा ल्याएको देखिएको छ । खासगरी दलका नेताहरूले आफ्ना विश्वासपात्र, प्रिय वा पारिवारका सदस्यलाई ल्याएको देखिएको छ । समानुपातिक व्यवस्थाको उपयोग देशको आर्थिक विकासको लागि नभएर नेताहरूको शक्ति विकासको लागि भएको छ । शक्तिशाली रहिरहनका लागि भएको छ । समानुपातिक व्यवस्थाले जनता होइन, नेताहरूलाई लाभ पुऱ्याएको छ ।

**सङ्घीयता:**

देशको लागि सङ्घीयता आर्थिक बोझ मात्र बनेको छ । सङ्घीयताको मूल्य हामीले विदेशमा रगत र पसिना बगाएर कमाएको 'रेमिट्यान्स' भुक्तान गरेर चुक्ता गरिरहेका छौं । समग्र राष्ट्रको आर्थिक विकासका लागि हामीलाई दुई तह (केन्द्र र स्थानीय) को सरकार पर्याप्त हुन्छ । यत्रो ठूलो स्रोत र साधन खर्च गरेर सङ्घीयता राखेका छौं । सङ्घीयता नाम गरेको ठूलो हात्ती पालेका छौं । तर केका लागि ? दल र तिनका नेताहरूको आफ्ना मान्छेलाई सत्ता र शक्तिमा पुऱ्याउन सङ्घीयता पालेका छौं ।

अहिलेसम्मको स्थिति हेर्दा प्रान्तीय सरकारले आफ्नो क्षेत्रको आर्थिक विकासमा कुनै महत्त्वपूर्ण भूमिका खेलेको देखिएको छैन । आफ्नो क्षेत्रमा रहेका अनेक स्रोत र साधन उपयोग गरेर आफ्नो क्षेत्रको आर्थिक स्थितिमा सुधार ल्याएको र अनेक रोजगार सृजना गरेको देखिएको छैन । प्रान्तीय सरकारले आफ्नो समय केवल दलीय राजनीति गर्नमा खर्च गरेको छ, आफ्नो क्षेत्रको आर्थिक विकासमा गरेको छैन ।

**नागरिकतासम्बन्धी व्यवस्था :**

नेपालको कानूनले नेपाली नागरिकतासम्बन्धी अनेक व्यवस्था गरेको छ । ती व्यवस्थाहरूमध्ये एउटा यस्तो महत्त्वपूर्ण व्यवस्थाको चर्चा गरौं जुन व्यवस्थाले नेपालको पूँजी बजारलाई अति प्रभावित गर्न सक्छ । वर्तमान संविधान र प्रचलित कानून अनुसार नेपाली नागरिकता प्राप्त कुनै पनि नेपालीले विदेशको नागरिकता लिएमा निजको नेपालको नागरिकता स्वतः समाप्त हुन्छ । उक्त व्यक्तिले मैले नेपालबाहेक फलानो देशको नागरिकता लिएको छु भन्ने खबर नेपाल सरकारलाई गर्नु पनि पर्दैन । निजले अर्को देशको नागरिकता लिनासाथ नेपालको नागरिकता स्वतः समाप्त हुन्छ । दोस्रो स्थितिमा, उक्त व्यक्तिले नेपालको नागरिकता पुनः प्राप्त गर्न खोजेमा, निजले आफूले नागरिकता प्राप्त गरेको देशको नागरिकता परित्याग गर्नुपर्छ । नागरिताकता परित्याग गरेको प्रमाण नेपाल सरकारको सम्बन्धित निकायमा पेश गर्नुपर्छ । मेरो नेपाली नागरिकता कायम गरिपाउँ भनी निवेदन हाल्नुपर्छ । सम्बन्धित निकायमा पुगेर, यसरी केही कानूनी प्रक्रिया पूरा गरेपछि मात्र नागरिकता समाप्त भएको कुनै नेपलीले पुनः नेपालको नागरिकता प्राप्त गर्न पाउँछ ।

अब नेपाली नागरिकता स्वतः समाप्त हुने उल्लेखनीय प्रावधानबारे कुरा गरौं । विदेशमा स्थायी बसोवास गरेको कुनै नेपालीले आफू बसेको देशको नागरिकता लिनासाथ उसको नेपालको नागरिकता स्वतः समाप्त हुने प्रावधानले गर्दा के विदेशमा स्थायी बसोवास गरेको कुनै नेपाली आफ्नो देश (नेपाल) मा लगानी गर्न तयार होला ? आफ्नो देशले आफ्नो नागरिकता खारेज गरिदिएको स्थितिले गर्दा पक्कै पनि कुनै व्यक्ति आफ्नो देश (नेपाल) मा लगानी गर्न हच्किन्छ । आफू नेपालको नागरिक नरहेको स्थितिमा, र आफूले विदेशी नागरिकको हैसियतमा लगानी गर्दा अनेक कानूनी झन्झट आउँछ भनी लगानी गर्न डराउने छ ।

कुनै पनि व्यक्तिले आफ्नो लगानीको सुनिश्चितता खोज्छ । कठोर परिश्रम गरेर कमाएको रकम सुरक्षित किसिमले लगानी गर्न खोज्छ । कुनै नेपालीले विदेशको नागरिता लिनासाथ नेपालको नागरिकता स्वतः समाप्त हुने प्रावधानले के विदेशमा स्थायी बसोवास गरेको नेपालीले नेपालमा लगानी गर्ने वातावरण तयार होला ? यस प्रश्नको सोझो उत्तर छ, हुँदैन । नागरिकतासम्बन्धी यो प्रावधानले नेपालको पूँजी बजारमा नराम्रो प्रभाव पार्छ । आफ्नो जन्मभूमिको आर्थिक विकासका लागि केही गरौं भन्ने भावना राखेर लगानी गर्न खोज्ने कुनै पनि नेपालीलाई यो नीतिले प्रोत्साहित गर्दैन ।

२०५२ देखि २०६३ सालसम्मको समय नेपालीको लागि घोर निराशाको समय थियो । माओवादीका केही ठूला नेताहरूले आफ्नो हितको लागि गरेका रक्तपातपूर्ण सङ्घर्षमा हजारौं व्यक्तिको ज्यान गयो । बहुसङ्ख्यक नेपालीमा घोर निराशा उत्पन्न भयो । लाखौंको सङ्ख्यामा नेपाली ज्यान जोगाउन, रोजगार पाउन, नेपाल छाड्न बाध्य भए । विदेशमा गएर धन कमाएर मोजमजा गरौंला भन्ने भावनाले होइन, घोर निराशाले नेपालीहरूलाई ठूलो सङ्ख्यामा विदेश पुऱ्यायो । संसारका अनेक देशमा पुऱ्यायो । यो कारणले गर्दा अहिले संसारका अनेक मुलुकमा नेपालीहरूको ठूलो सङ्ख्यामा बसोवास छ । अहिले करीब एक करोड नेपाली विदेशमा रहेको अनुमान गरिएको छ ।

अब पुनः लगानीको कुरा गरौं । पूँजीबजारको कुरा गरौं । कुनै नेपालीले विदेशको नागरिकता लिनासाथ नेपालको नागरिकता स्वतः समाप्त हुने प्रावधानले गर्दा विदेशमा रहेका नेपालीहरू नेपालमा लगानी गर्न तयार हुने छैनन् । नेपालले, आफ्ना नागरिकले विदेशमा पुगेर कमाएको पैसाको उपयोग गर्न पाउने छैन । नेपालको पूँजी बजार प्रभावित हुनेछ । आकारमा ठूलो हुन सक्ने पूँजी बजार सानो हुनेछ ।

खुला बजार र आर्थिक उदारीकरणको युगमा अनेक देशले बहु नागरिकता प्रणाली उपयोग गरेर ठूलो आर्थिक फाइदा उठाइरहेका छन् । अमेरिकाले आफ्नो देशमा स्थायी बसोवास गर्ने विदेशी नागरिकलाई अमेरिकी नागरिकता प्रदान गर्दा तिमी कुन देशका नागरिक हौं भनी प्रश्न गर्दैन र तिमीले अमेरिकाको नागरिकता लिनासाथ तिम्रो पूर्व देशको नागरिकता समाप्त हुन्छ पनि भन्दैन । अमेरिकी नागरिकतासम्बन्धी यो उदार नीतिले गर्दा संसारभरिका अनेक देशहरूबाट विभिन्न व्यक्ति अमेरिका आएका छन् । अमेरिकामा लगानी गरेका छन् । अमेरिकालाई आर्थिक रूपमा समृद्ध पार्न योगदान पुऱ्याएका छन् ।

संसारका लगभग एक सय राष्ट्रले दोहरो नागरिकताको अभ्यास गरेका छन् । तीमध्ये केही राष्ट्रहरूको नाम यस प्रकार छ : अर्जेन्टिना, अस्ट्रेलिया, बेल्जियम, ब्रजील, बुल्गेरिया, कम्बोडिया, क्यानाडा, कोलम्बिया, कंगो, कोस्टारिका, साइप्रस, चेक गणतन्त्र, डेनमार्क, इजिप्ट, फिनल्यान्ड, फ्रान्स, जर्मनी, घाना, ग्रीस, हंगेरी, इराक, इजराइल, इटाली, जोर्डन, केन्या, साउथ कोरिया, लक्जेमबर्ग, मेक्सिको, न्युजिल्यान्ड, नाइजेरिया, पाकिस्तान, फिलिपिन्स, पोल्यान्ड, पोर्चुगल, रोमानिया, रूस, साउथ अफ्रिका, श्रीलङ्का, सुडान, स्वीडेन, स्वीट्जरल्यान्ड, सिरिया, ताइवान, थाइल्यान्ड, टर्की, संयुक्त अधिराज्य, येमन, जिम्बाब्वे आदि ।

एकातिर राष्ट्रको आर्थिक विकासका लागि हामीले विदेशी नागरिक एवं कम्पनीहरूलाई नेपालमा आएर लगानी गर्न अनुरोध गरिरहेका छौं, अर्कोतिर आफ्नै देशको नागरिकले अर्को देशको नागरिकता लिएमा नेपालको नागरिकता स्वतः समाप्त हुने भन्दैछौं । यस्तो गरेर पनि नेपालको आर्थिक विकास तीव्र गतिमा जान्छ ? विदेशबाट नेपालमा आएर लगानी गर्नेहरूका लागि भने नेपाल उदार हुने तर आफ्नै नागरिक, जसले अहिले विदेशको नागरिकता लिएको छ, ऊप्रति अनुदार हुने ?

विदेशमा बसेका नेपालीहरूमध्ये धेरैले बाध्यतावश आफू बसोवास गरेको सम्बन्धित देशको नागरिकता लिएका छन् । त्यस्तो गर्दा उनीहरूलाई सम्बन्धित देशमा बसोवास गर्न सजिलो हुन्छ । अनेक किसिमका समस्याबाट मुक्ति पाइन्छ । नेपालका नीति निमार्ताहरूको नेपालीहरूले उपयोग गर्न दोहरो नागरिकतासम्बन्धी बुझाइ त्रुटिपूर्ण छ ।

अब निष्कर्षतिर लागौं । जनता होइन, केवल नेताहरूको हितमा रहेको यो संविधानले न स्थिर सरकार दिन सक्छ, न राष्ट्रिय आर्थिक विकासको लगि सहयोगी वातावरण नै तयार पार्न सक्छ । नेपालको आर्थिक विकास तीव्र गतिमा हुने प्रावधानहरू समाविष्ट गरेर र अनावश्यक प्रावधानहरू हटाएर, यो संविधान संशोधन हुन आवश्यक छ ।

## पूर्व-पश्चिम विद्युतीय रेलमार्गको प्रगति छ प्रतिशत मात्रै

–सञ्चिता घिमिरे
काठमाडौं, २६ माघ/रासस

नागरिकले आशाका साथ हेरिरहेको विकास योजनामा पर्ने पूर्व–पश्चिम रेलमार्ग निर्माण अघि बढ्न सकेको छैन । नौ सय किमीभन्दा बढी लम्बाइमध्ये हालसम्म ५५ किमी अर्थात् छ प्रतिशत मात्र काम सम्पन्न भएको रेल विभागले जनाएको छ ।



तस्वीर: फाइल

हालसम्म बर्दिवासबाट निजगढसम्म ७० किमी निर्माणको मात्रै योजना बनेको विभागका महानिर्देशक रोहितकुमार बिसुरालले बताए । उनका अनुसार बाँकी अरू खण्डमा निर्माणको योजना बनेको छैन । एउटा खण्डमा भने विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) अध्ययनका क्रममा रहेको छ ।

बीचमा सानो खण्डमा मात्रै काम शुरू भए पनि आयोजना नै सम्पन्न गर्ने गरी काम शुरू हुन बाँकी रहेको उनले बताए । यही गतिमा काम हुने हो भने झन्डै बीस/तीस वर्ष लाग्न सक्ने देखिएको छ । बर्दिवासबाट निजगढतर्फ निर्माण भइरहेको योजनाले जनाएको छ । यो आवमा १५ किमी निर्माणको लक्ष्य रहेको र सोही अनुसार काम भइरहेको महानिर्देशक बिसुरालले जानकारी दिए ।

निर्माणाधीन खण्डमा वन क्षेत्रको समस्या रहेकोले निर्माणमा बाधा पुगिरहेको विभागले जनाएको छ । बर्दिवास खण्डमा पुल पनि निर्माणाधीन रहेको छ । वन क्षेत्रमा रेलमार्ग निर्माण गर्ने निर्णय भए पनि सामुदायिक वन उपभोक्ता समिति, जिल्ला वन कार्यालय, वन पैदावार विकास समितिलगायत निकाय सबै सहमत नहुँदा निर्णय कार्यान्वयन गर्न गाह्रो हुने उनले बताए ।

भारत सरकारको सहयोगमा निर्माणाधीन अरू योजनाजस्तै पूर्व–पश्चिम रेलमार्गमा पनि 'ब्रोड गेज' मा निर्माण भइरहेको छ । हाल भारतको जयनगरबाट धनुषाको कुर्थासम्म रेल सञ्चालनमा छ । महोत्तरीको बिजलपुरासम्म रेलमार्ग सम्पन्न भइसकेकोले त्यहाँसम्म नै सञ्चालन गरिने सरकारको योजना छ । भारत सरकारको सहयोगमा नै बर्दिवाससम्म रेलमार्ग निर्माण हुनेछ । बर्दिवाससम्म रेलमार्ग बनेपछि त्यहाँबाट निजगढसम्म लैजाने गरी सरकारले यो खण्ड निर्माण गरिरहेको महानिर्देशक बिसुरालले बताए ।

आयोजनामा सरकारले वार्षिकरूपमा विनियोजन गर्ने बजेट कम रहेकोले गति लिन नसकेको विभागले जनाएको छ । आयोजनामा हालसम्म वैदेशिक लगानी निश्चित भइसकेको छैन । रेलमार्गको बीचको एउटा खण्डमा अझै पनि विस्तृत अध्ययन सकिएको छैन । पहिले सबै खण्डमा एकैपटक अध्ययन भइसके पनि रेखाङ्कनमा राष्ट्रिय निकुञ्ज परेकोले सो रेखाङ्कन परिवर्तन गरेर हेटौंडा हुँदै भरतपुर पुग्ने गरी तय गरिएकोले बाँकी रहेको हो ।

आयोजना आफैं सरकारको प्राथमिकतामा नपरेको र विभिन्न कानूनी अलमल कायम रहेको महानिर्देशक बिसुरालले बताए । केही समय पहिले आएको रेल्वेसम्बन्धी ऐनले रेल सञ्चालनका लागि बोर्डको व्यवस्था गरेको छ । बोर्डको नयाँ संरचना बनाएर विकास गर्न अलमल रहेको उनले बताए ।

ऐनको अवधारणा अनुसार बोर्डमा राजनीतिक नियुक्तिको व्यवस्था छ । उनले भने–"बोर्डका लागि नयाँ भर्ना गरेर कर्मचारी नियुक्त गर्नुपर्ने, कार्यालय खडा गर्नुपर्ने र कानुन बनाउने गर्न समय लाग्न सक्छ ।"

रेल सबैभन्दा सस्तो र सुरक्षित यातायातको साधन मानिने महानिर्देशक बिसुरालले बताए । अरू यातायातका माध्यमभन्दा यात्रीका लागि सस्तो पर्ने र दुर्घटनाको जोखिम कम भएकोले पनि यसको आवश्यकता महसुस भएको उनको भनाइ छ । रेल एक्लैको विकासभन्दा पनि यातायात क्षेत्रको एकीकृत विकास आवश्यक रहेको विषय हाल विज्ञहरूले बताइरहेका छन् । उनले भने–"एउटा यातायात मात्रै सोच्नेभन्दा समग्रमा योजना गर्नुपर्छ, कुनकुन किसिमको यातायात कहाँ आवश्यक छ भनी योजना बनाएर अघि बढ्नुपर्छ ।"

रेल निर्माणमा नै लामो समय लाग्दा त्यसले लागत बढ्ने उनी बताउँछन् । निर्माण भएको पाँच वर्षमा रेलको मरम्मत थाल्नुपर्छ । एकातिर बनाउँदै गयो, अर्कोतिर बिग्रने अवस्था आउने उनले बताए । रेल चाँडो सम्पन्न गरेर चाँडो शुरू गर्दा मात्रै त्यसले लगानी उठाउन सक्ने उनको भनाइ छ ।

बसको जस्तो यहाँसम्म बनेको छ चलाउँदै गरौं भन्ने हुन्न, रेलमार्ग बनेपछि पनि रेल स्टेशनलगायत संयन्त्र आवश्यक पर्ने उनले बताए । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले नेपालमा रेल शुरू मात्रै भएको र कसरी अघि बढ्ने भन्ने छलफलको क्रममा रहेको बताए ।

पहिले राजनीतिक नेतृत्वले योजना बनाउने र त्यसैका आधारमा प्राविधिक पक्ष मिलाउनुपर्ने उनले बताए । उनले भने–"कर्मचारीले लगानी सकिन्छ सकिँदैन वा यसरी सकिन्छ भनेपछि राजनीतिक नेतृत्वले पुनःविचार गर्ने हो र अहिले त्यही क्रममा छ ।"

पहिले पूर्व–पश्चिम विद्युतीय रेलमार्ग ९४५ किमी लामो हुने देखिएको थियो ।

(बाँकी पाँचौं पातामा)

## विद्युतीय चार्जिङ स्टेशनको परीक्षण सञ्चालन

महोत्तरी, २६ माघ/रासस

विपी राजमार्गको छेउमैं बर्दिवास नगरपालिका–३ गौरीडाँडास्थित इलाका प्रहरी कार्यालय बर्दिवास परिसरमा विद्युतीय चार्जिङ स्टेशन सञ्चालनमा आएपछि विद्युत्‌बाट चल्ने सवारीसाधन (इभी) का चालक दङ्ग छन् । यो स्टेशन सञ्चालनमा आएपछि सवारीसाधन चार्ज गर्न निकै सहज भएको इभी सवारी चालकको भनाइ छ ।

पूर्वपश्चिम राजमार्गसँगको बर्दिवास–सिन्धुली–काठमाडौं, बर्दिवास–गाईघाट–चतरा, बर्दिवास–मन्थली–दोलखा र बर्दिवास–घुर्मी–ओखलढुङ्गासँगै खोटाङ र सोलुखुम्बुसम्मको रूटको मुख्य सङ्गमस्थल (बर्दिवास)मैं सञ्चालनमा आएको विद्युतीय चार्जिङ स्टेशनले अहिले निकै राहत दिएको हो । अहिले परीक्षणकै क्रममा रहेको चार्जिङ्ग स्टेशनमा सवारी साधनको लाम देखिन्छ ।

चार्ज गर्न पाइएको सहजताले अब इभी साधन नै चलाउने मनस्थितिमा सवारी व्यवसायी देखिन थालेका छन् । यस भेगमा इभी (विद्युतीय चार्जका सवारी साधन) को 'क्रेज' बढ्दै छ । दिनहुँ यस्ता नयाँ साधन सडकमा थपिएका छन् ।

"कता होला चार्जिङ स्टेशन भनेर सोधखोज गर्नुपर्ने र रुमलिने स्थिति अन्त्य भएछ"–सानो कारका चालक प्रशान्त झाले भने–"यहाँ त सडक छेउमैं परैबाट देखिने ठाउँमा चार्जिङ स्टेशन सञ्चालनमा आएछ, धेरै सजिलो भयो ।"

यो स्टेशन सञ्चालन हुँदा इभी साधनको प्रचार र प्रवर्द्धनमा बल पुऱ्याएको झाको ठम्याइ छ ।

पहाड, मधेसका विभिन्न सडक सञ्जालको मुख्य सङ्गमस्थल रहेको बर्दिवासमा विद्युतीय चार्जिङ स्टेशन सञ्चालनमा आएपछि इभी सवारीसाधन प्रयोग र यिनको प्रवर्द्धनमा बल पुगेको यस्ता साधनका धनी र चालकको भनाइ छ । बर्दिवास–३ गौरीडाँडास्थित यो

(बाँकी चौथो पातामा)

# सबल अर्थतन्त्रका लागि रेमिट्यान्सको उचित व्यवस्थापन

अर्थ-उद्योग-वाणिज्य

शीतल महतो
shitalmahato@gmail.com

**मुलुकको दिगो आर्थिक विकास गर्ने हो भन्ने राज्यले देशभित्रै स्वरोजगार वातावरण बनाउन उद्यमशीलता विकास कार्यक्रम ल्याउनु अति आवश्यक छ। यस्ता कार्यक्रमले युवाहरूको आयमा वृद्धि भई मुलुकको आर्थिक विकास र समृद्धिमा सहयोग पुग्ने प्रायः निश्चित हुन्छ।**

नेपालको अर्थतन्त्र अहिले असहज अवस्थाबाट गुज्रिरहेको छ। मुलुकको अर्थतन्त्रको संरचना रेमिट्यान्स, कर्जा, आयात र जग्गामा केन्द्रित छ। आयात र राजस्व मात्र जोडेर गरिएको विगतको विश्लेषण अपर्याप्त छ। रेमिट्यान्सका कारण आम नागरिकको आय बढेर उपभोग्य वस्तु तथा सेवाको माग बढ्नु, वस्तु तथा सेवाको बढ्दो माग आपूर्तिका लागि बैंकिङ क्षेत्रबाट सहज कर्जा प्राप्त हुनु, आपूर्तिका लागि स्थानीय उत्पादनभन्दा आयात सहज, नाफामूलक र न्यून जोखिमपूर्ण हुनु, उच्च आयात धान्न रेमिट्यान्समार्फत विदेशी मुद्रा उपलब्ध हुनु, उच्च प्रतिफल र सहज कर्जाका कारण जग्गामा लगानी बढ्नु, जग्गाको बढ्दो मूल्यका आधारमा सहज ढङ्गले कर्जा उपलब्ध हुनु र यो क्रमले लामो अवधिसम्म निरन्तरता पाउनुजस्ता कारणले मुलुकको आर्थिक संरचना नै फेरिएको छ। रेमिट्यान्सले अर्थतन्त्रमा माग बढाए पनि सोही अनुरूप मुलुकभित्रै उत्पादन नबढ्नु, मुलुकको अर्थतन्त्र आयातमार्फत व्यापारीकरण र परनिर्भर हुँदै जानु एवं वित्तीयकरणमार्फत जग्गा द्रुत गतिले मौद्रिकीकरण हुनु तथा उच्च मूल्यवृद्धिका कारण मूल्य अभिवृद्धिको शृङ्खलाबाट बाहिरिँदै जानु मुलुकका लागि अत्यन्तै प्रत्युत्पादक अवस्था हो। यस्तो अवस्थामा अर्थतन्त्रमा सुधार आउन सक्दैन।

हुनत नेपालको अर्थतन्त्रलाई चलायमान बनाउने मुख्य आयस्रोत नै रेमिट्यान्स हो भन्ने कुरामा शायदै कसैको विमति होला। विश्व बैंकले सार्वजनिक गरेको पछिल्लो प्रतिवेदन अनुसार कुल गार्हस्थ्य उत्पादनको अनुपातमा विश्वकै सर्वाधिक रेमिट्यान्स भित्र्याउने मुलुकमा नेपाल पर्दछ। वार्षिक रु साढे ६ खर्बभन्दा बढी रेमिट्यान्स नेपाल भित्रिने गरेको छ। यसले मुलुकको आयात व्यापार विस्तारमा मात्र भूमिका खेलिरहेको छैन, देशको शोधनान्तर बचतमा समेत अभिवृद्धि गराई समग्र राष्ट्रिय अर्थतन्त्रलाई नै सन्तुलनको अवस्थामा कायम राख्न महत्त्वपूर्ण योगदान दिएको छ। चालू आर्थिक वर्षको पहिलो ६ महीनामा रेमिट्यान्समार्फत मुलुकमा ५ खर्ब ८५ अर्ब रुपियाँ भित्रिएको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यो २४.३ प्रतिशतले बढेको हो। गत आर्थिक वर्षको सोही अवधिमा रेमिट्यान्स आप्रवाह ५ प्रतिशतले घटेको थियो। अमेरिकी डलरमा रेमिट्यान्स आप्रवाह १३.९ प्रतिशतले बढेर ४५० करोड पुगेको छ। गत वर्ष यस्तो आप्रवाह ५.७ प्रतिशतले घटेको थियो। केही महीनायता रेमिट्यान्स आप्रवाह निरन्तर बढ्दो क्रममा छ।

चालू आर्थिक वर्षमा वैदेशिक रोजगारका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत (नयाँ) लिने नेपालीको सङ्ख्या ६४.६ प्रतिशतले बढेर २ लाख ७५ हजार ६४३ पुगेको छ। त्यसैगरी वैदेशिक रोजगारका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या सो अवधिमा ९.५ प्रतिशतले बढेर १ लाख ४२ हजार ५४८ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या २९८.१ प्रतिशतले बढेको थियो। गत वर्ष रोजगारमा जाने नेपालीको सङ्ख्या बढेकोले चालू आर्थिक वर्षमा रेमिट्यान्स बढेको सहज अनुमान लगाउन सकिन्छ। पछिल्लो राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदनले २१ लाखभन्दा बढी भने तापनि अहिले संसारभर काम गर्ने करीब ४० लाख नेपालीले प्रतिवर्ष मुलुकको गार्हस्थ्य उत्पादनको करीब २५ प्रतिशत बराबर रकम विप्रेषणका रूपमा पठाउँछन्। गत आर्थिक वर्षमा मात्र रेमिट्यान्स आप्रवाह १० खर्ब ७ अर्ब ३१ करोड रुपियाँ रहेको थियो। विगत दुई दशकदेखि नेपाली अर्थतन्त्र र समग्र विकास प्रक्रिया नै वैदेशिक रोजगार र रेमिट्यान्समा निर्भर हुँदै आएको छ। एक अध्ययनका अनुसार ५६ प्रतिशत घरपरिवारले यस्तो रकम पाउने गरेको र रेमिट्यान्सले देशको वित्तीय सन्तुलन कायम गर्न योगदान गरेको देखाउँछ। यसका साथै वैदेशिक रोजगारले सीप, प्रविधि, उद्यम र काम गर्ने संस्कार पनि ल्याएको छ। त्यसैले अहिलेको आर्थिक सङ्कटका बेला पनि रेमिट्यान्सले नेपाली अर्थतन्त्रलाई चलायमान बनाएको छ।

गरीबी घटाउनेलगायत थुप्रै दिगो विकासका लक्ष्यहरू प्राप्तिमा पनि यसले ठूलो योगदान गरेको छ। कृषिमा आधारित अर्थतन्त्रलाई सेवा क्षेत्रतर्फ धकेलेको छ। बढ्दै गएको जनसङ्ख्या, मानवीय आकाङ्क्षा र आन्तरिक रोजगार सिर्जना गर्न नसक्दा देशभित्र बेरोजगारी बढ्ने देखिएपछि सरकारले विगत ३७ वर्षदेखि राहदानी दिएर नेपाली युवालाई विदेशमा काम गर्ने अवसर दिएको छ। विसं २०४२ देखि औपचारिक रूपमा नेपालीका लागि खुलेको विदेशको बाटो हुँदै अहिले लाखौं नेपाली युवा विभिन्न गन्तव्यमा पुगेका छन्। विशेषगरी भारतीय बाटो हुँदै जोखिमपूर्ण क्षेत्र र देशमा काम गर्न गएका युवाहरूको अवस्था दयनीय छ। महिलाहरूले अझै सुरक्षित अवसर पाउन सकेको छैनन्। सामाजिक उत्तरदायित्वका सवालमा पनि यो क्षेत्र सबल देखिएको छैन। स्पष्ट र ठोस आधारविना अव्यवस्थितरूपमा तीव्र विकास भएको यो क्षेत्रमा हाल थुप्रै विकृति र विसङ्गतिहरू देखिएका छन्। खाडी मुलुकको ५५ डिग्री सेन्टिग्रेड तापक्रममा नेपालीहरू कठोर श्रम गर्न बाध्य छन्। कतिपयले त तापक्रममा अनुकूलता नमिलेर ज्यानै पनि गुमाएका छन्। घरपरिवार र आफन्तलाई छोडेर पराई मुलुकको भूमिमा आफ्नो अमूल्य श्रम र पसिना पोख्न उनीहरू बाध्य छन्। त्यसैले वैदेशिक रोजगारलाई व्यवस्थित गर्न सरकारले विसं २०६४ मा वैदेशिक रोजगार ऐन र विसं २०६८ मा वैदेशिक रोजगार नीति नै ल्याएको छ। यसका लागि नीतिमा, विदेशमा रोजगारका अवसरहरू खोज्ने, सीप प्रदान गरेर रोजगारमा पठाउने, यसका सबै चरण सरल र सुरक्षित गराउने, महिला कामदारका मुद्दाहरू सम्बोधन गर्ने, ठगी नियन्त्रण गरी सुशासन कायम गर्ने, वैदेशिकलगायत स्रोत परिचालन गर्ने र विप्रेषणलाई मानव विकास तथा उत्पादनमूलक क्षेत्रमा उपयोग गर्ने उल्लेख छ। यस्ता नीति कार्यान्वयनका लागि श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग, उद्धार र पुनःस्थापनाका लागि वैदेशिक रोजगार बोर्ड र श्रमस्वीकृति प्रदान गर्ने अन्य कार्यालयहरू स्थापना गरेर सङ्गठन संरचना नै तयार गरिएको छ। प्रदेश तहसम्म पनि सङ्घीय कार्यालयहरू रहेका छन् भने स्थानीय सरकारसम्बन्धी ऐन, २०७४ ले स्थानीय तहलाई समेत वैदेशिक रोजगारसम्बन्धी काम गर्नेगरी अधिकार प्रदान गरेको छ। अहिले कतिपय स्थानीय तहबाट यससम्बन्धी कामहरू भइरहेका पनि छन्। कसैकसैले यी सबै व्यवस्थामार्फत सरकारले आन्तरिक रोजगार सिर्जना गर्नेभन्दा पनि वैदेशिक रोजगारलाई प्रोत्साहन गर्न बढी ऊर्जा खर्चेको भनेर विश्लेषण गरेका छन्।

वास्तवमा मुलुकको दिगो आर्थिक विकास गर्ने हो भन्ने राज्यले देशभित्रै स्वरोजगार वातावरण बनाउन उद्यमशीलता विकास कार्यक्रम ल्याउनु अति आवश्यक छ। यस्ता कार्यक्रमले युवाहरूको आयमा वृद्धि भई मुलुकको आर्थिक विकास र समृद्धिमा सहयोग पुग्ने प्रायः निश्चित हुन्छ। तर रोजगार अभिवृद्धिका लागि तत्काल ठूला-ठूला परियोजना र उद्योगहरू शुरू गरिहाल्ने अवस्था नरहेको अहिलेको परिप्रेक्ष्यमा वैदेशिक रोजगार र त्यसबाट प्राप्त रेमिट्यान्सको व्यवस्थापनमा ध्यान दिनैपर्छ। रेमिट्यान्स मुलुकको अर्थतन्त्रका लागि स्थायी आयको स्रोत हुन नसक्ने भएकोले समयमै विदेशी आर्जनका अन्य वैकल्पिक स्रोत विस्तारमा विशेष ध्यान दिनैपर्दछ। त्यसैले नेपालको विकास प्रक्रियाको पहिलो चुनौती भनेको नै स्वदेशमैं पर्याप्त, उत्पादनमूलक, मर्यादित र सन्तुलित रोजगारका अवसर सृजना गर्नु हो। तर अहिलेको अवस्थालाई विश्लेषण गरेर हेर्ने हो भने मुलुकको अर्थतन्त्र र रोजगारबीच सन्तुलन देखिएको छैन। विशेषगरी मुलुकमा रहेको निर्वाहमुखी कृषि प्रणालीले कुल गार्हस्थ्य उत्पादनमा ३३ प्रतिशत मात्र योगदान गर्छ तर यो क्षेत्रमा आश्रित घरपरिवारको सङ्ख्या ७६ प्रतिशत छ। त्यस्तै नेपाली अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान ५० प्रतिशतको हाराहरीमा रहेको भए तापनि रोजगारमा यस क्षेत्रको योगदान ५/६ प्रतिशत मात्र रहेको तथ्याङ्क छ। अर्थतन्त्रमा निरन्तर घटिरहेको उद्योग क्षेत्रको योगदान र यस क्षेत्रले प्रदान गर्ने रोजगारीबीच तादात्म्य देखिए पनि उद्योगीकरणविना रोजगारका पर्याप्त अवसर सृजना हुने सम्भावना अत्यन्तै कम देखिन्छ। यसरी कृषि, उद्योग र सेवा क्षेत्रको अर्थतन्त्र र रोजगार सिर्जनामा रहेको योगदानको अवस्थालाई हेर्दा यसले मुलुकको अर्थतन्त्रमा गम्भीर असर पुऱ्याइएको छ। त्यसैले कृषि उपजमाथिको आत्मनिर्भरताबाट खाद्य सुरक्षाका साथै रोजगारका थुप्रै अवसर सिर्जना गर्न सकिने भएकोले कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणद्वारा युवालाई यस क्षेत्रमा आकर्षित गर्ने व्यवस्था सुनिश्चित गर्नु आवश्यक छ। अर्थतन्त्रमा उद्योग र सेवा क्षेत्रको योगदान बढाउन यसलाई अझ बढी प्रतिस्पर्धी, दिगो, श्रमप्रधान र निर्यातमूलक औद्योगिक विकासमा जोड दिनै पर्दछ। यसका साथै रेमिट्यान्ससँग जोडिएको अहिलेको मुख्य प्रश्न हो–उत्पादनमूलक क्षेत्रमा रेमिट्यान्सको प्रयोग कसरी बढाउने र रेमिट्यान्स आर्जनकर्ताहरूको बचतको दरमा कसरी वृद्धि गर्ने। यसतर्फ राज्य संवेदनशील हुनैपर्दछ।

## विद्युतीय.......

चार्जिङ्ग स्टेशन अत्याधुनिक प्रविधि जडित र एकपटकमा छवटा सवारीसाधनको




चार्ज गर्न मिल्ने भएको हुँदा साधनवालाले लामो समय पर्खन पर्ने अवस्था नरहेको इभी सवारी चालक बताउँछन्।

अहिले परीक्षणका क्रममा रहेको यो स्टेशनमा दैनिक १५–१६ को सङ्ख्यामा सवारीसाधनले चार्ज गर्दै आएका स्टेशन प्राविधिक सागरमान ताम्रकार बताउँछन्। "यो स्टेशनमा 'जिविटी' र 'सिसिएस' प्रणालीका अत्याधुनिक मेशिन जडान गरिएका छन्, 'जिविटी' बाट ठूला र 'सिसिएस'बाट साना सवारी साधन चार्ज गरिन्छ"–स्टेशनको सेवाबारे स्पष्ट पार्दै ताम्रकार भन्छन्–"दुवै प्रणालीतर्फ एकपटकमा तीन/तीन सवारीसाधन चार्ज हुन सक्छ।" इलाका प्रहरी कार्यालय, बर्दिवासले उपलब्ध गराएको जग्गामा स्टेशन निर्माण भई सञ्चालनमा आएको हो। प्रहरी कार्यालय परिसरमैं हुँदा स्टेशन सुरक्षा पनि सहज भएको छ।

प्रसिद्ध चिनियाँ कम्पनी 'वाङ वान डिजिटल इनर्जी कम्पनी' ले निर्माण गरेको चार्जिङ स्टेशन अब चाँडै नेपाल विद्युत् प्राधिकरणलाई हस्तान्तरण गर्ने तयारी रहेको निर्माण कम्पनीको नेपालस्थित प्रतिनिधि दिगो कार्यक्रमका शिव अधिकारी बताउँछन्। "हामीले नेपाल विद्युत् प्राधिकरण र वाङ वान डिजिटल इनर्जी कम्पनीबीच भएको सम्झौता अनुरूप स्टेशन निर्माण गरेका हौं, यो अहिले परीक्षण सञ्चालनकै क्रममा छ"–अधिकारी भन्छन्–"अब केही हप्ताभित्रै प्राधिकरणलाई हस्तान्तरण गर्दैछौं।"

अहिले परीक्षण अवधिमा समय तालिकाका आधारमा चार्ज शुल्क निर्धारित छ।

साँझ ५ बजेदेखि राति ११ बजेसम्म प्रतियुनिट १० रुपियाँ ४४ पैसा, राति ११ बजेदेखि बिहान ५ बजेसम्म छ रुपियाँ ६० पैसा र यसबाहेक अन्य समयमा प्रतियुनिट आठ रुपियाँ २८ पैसा शुल्क लिने गरिएको स्टेशन प्राविधिक ताम्रकार बताउँछन्।

प्राधिकरण र चिनियाँ कम्पनीबीच मुलुकभरिका ५१ ठाउँमा चार्जिङ स्टेशन निर्माण गर्ने सम्झौता भए अनुरूप बर्दिवासमा यो स्टेशन निर्माण भएर अहिले परीक्षण सञ्चालनमा आएको हो। योसहित जम्मा ३० स्टेशन निर्माण सम्पन्न भइसकेका, १२ वटा अन्तिम चरणमा रहेका र नौ ठाउँको जग्गा प्राप्तिमा विलम्ब हुँदा काम सम्पन्न हुन अलि पछि परेको वाङ वान डिजिटल इनर्जी कम्पनीका नेपालस्थित प्रतिनिधि अधिकारीको भनाइ छ।

पछिल्लो समय इभी सवारी साधनको 'क्रेज' बढ्दै गएका बेला मधेस प्रदेशको मध्य भागमा पर्ने बर्दिवासमा चार्जिङ स्टेशन सञ्चालनमा आउनुले यस्ता साधनको प्रवर्द्धनमा सहयोग पुगेको सवारी व्यवसायीको भनाइ छ। सरकारले इभी सवारीसाधन खरीदमा सुलभ ऋण प्रवाह गरे अब चर्को मूल्यको इन्धन (पेट्रोलियम पदार्थ) माथिको निर्भरता घट्दै गएर आम सवारी व्यवसायी र साधन धनीले यस्तो साधन किन्ने सोच बनाउँदै गएको बताएका छन्।

# पर्सामा सात हजार करदाता थपिए

वीरगंज, २६ माघ/रासस

चालू आर्थिक वर्ष २०७९–८० को छ महीनाको अवधिमा पर्सामा ७,९४१ करदाता थपिएका छन्।

आन्तरिक राजस्व कार्यालय वीरगंजका अनुसार चालू आवको साउनदेखि पुस मसान्तसम्म प्यानतर्फ ५,५९२ आयकरतर्फ १,६७४ मूल्य अभिवृद्धि करतर्फ ५२२ तथा अन्तःशुल्कतर्फ १३३ करदाता थपिएका छन्। योसँगै पर्सामा करदाताको सङ्ख्या १,२४,३०५ पुगेको आन्तरिक राजस्व कार्यालयका सूचना अधिकारी तथा कर अधिकृत सञ्जय सरदार क्षत्रीले जानकारी दिए। पर्सामा प्यानतर्फ सबैभन्दा बढी ७९ हजार २३, आयकरतर्फ ४०,४१० मूल्य अभिवृद्धि करतर्फ १०,१३६ तथा अन्तःशुल्कतर्फ १,९५१ करदाता रहेका छन्।

यसैबीच बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह नगर्दा चालू आव २०७९–८० को छ महीनाको अवधिमा आन्तरिक राजस्व कार्यालय वीरगंजको राजस्व सङ्कलनमा कमी आएको छ। सो कार्यालयका अनुसार चालू आव २०७९–८० को छ महीनाको अवधिमा रु चार अर्ब ७३ करोड १६ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा ६६.६१ प्रतिशत अर्थात् रु तीन अर्ब १५ करोड १६ लाख मात्र सङ्कलन भएको छ। चालू आवको छ महीनामा अन्तःशुल्कतर्फ रु एक अर्ब ३१ करोड ९५ लाख २९ हजार, आयकरतर्फ रु एक अर्ब चार करोड ८८ लाख ६९ हजार, मूल्य अभिवृद्धिकर तर्फ रु ७३ करोड ६७ लाख ६६ हजार, ब्याजकरतर्फ रु दुई करोड ४० लाख २३ हजार र घरबहाल करतर्फ रु दुई करोड २४ लाख ९९ हजार राजस्व सङ्कलन भएको सूचना अधिकारी क्षत्रीले जानकारी दिए।

बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह नगरेको तथा विभिन्न सामानको आयातमा सरकारले गरेको प्रतिबद्धलगायत कारणले राजस्व सङ्कलन घटेको क्षत्रीको भनाइ छ। आव २०७८–७९ मा सो कार्यालयले रु नौ अर्ब ४४ करोड ४५ लाख ७५ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकोमा लक्ष्यको ९२.३० प्रतिशत अर्थात् रु आठ अर्ब ७१ करोड ६९ लाख ६० हजार सङ्कलन गरेको थियो।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको वृद्धि

काठमाडौं, २६ माघ/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १२.४५ अङ्कले उकालो लागेर २१८२.६३ मा पुगेको छ।

यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १.४२ अङ्कले उकालो लागेर ४१५.४२ मा पुगेको छ।

कारोबार भएका १३ उपसमूहमध्ये आज एक उपसमूहको मात्रै शेयर मूल्यमा गिरावट भएको छ भने १२ उपसमूहको शेयर मूल्यमा वृद्धि भएको छ।

कारोबार भएका कम्पनीमध्ये १५२ कम्पनीको शेयर मूल्यमा वृद्धि भएको छ। यस्तै ५८ कम्पनीको शेयर मूल्यमा गिरावट आउँदा छ कम्पनीको शेयर मूल्यमा कुनै परिवर्तन भएको छैन।

कुल ५६,४८,२१२ कित्ता शेयर रु २,०६,२०,५८,७४९ मूल्यमा कारोबार भएको छ। शेयर कारोबार हुने साताको अन्तिम दिनको कारोबारपछि बजार पूँजीकरण रु ३१,४९,६५,४७,४४,७४४ बराबर छ।

कारोबारका आधारमा अपि पावर कम्पनी शीर्षमा छ। सो कम्पनीको रु ५,८६,५४,६९६ बराबरको कारोबार भयो। नविल बैंक रु ५,७३,५५४८८,न्यादी ग्रुप पावर रु ५,३३,७,००० स्ट्यान्डर्ड चार्टर्ड बैंक रु ४,८६,१७,८२० र रिडी पावर कम्पनी रु ४,४०,५१,११० बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

बाराही हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि हुँदा सकारात्मक सर्किट लागेको छ। विजय लघुवित्त ५.९२, जोशी हाइड्रोपावर ५.६३, न्यादी हाइड्रोपावर ५.३५ र इस्टर्न हाइड्रोपावरका लगानीकर्ताले ५.३१ प्रतिशतले कमाएका छन्।



## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## टर्की र सिरियामा भूकम्पमा परी मृत्यु हुने १५ हजारभन्दा बढी

अङ्कारा, दमास्कस, २६ माघ/सिन्ह्वा

टर्की र सिरियाको सीमा क्षेत्रमा भएको बताइएको छ। टर्कीका राष्ट्रपतिको कार्यालय स्रोतका अनुसार



टर्कीको आदियामान प्रान्तको बेस्नी जिल्लामा भग्नावशेषबाट मानिसको उद्धार गर्ने काममा जुटेका राहतकर्मी। फोटो : सिन्ह्वा

गएको विनाशकारी भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या १५ हजार नाघेको अधिकारीहरूले जनाएका छन्।

बिहीवार बिहानसम्मको प्राप्त तथ्याङ्क अनुसार सो भूकम्पमा परेर ज्यान जानेको सङ्ख्या दुवै देशमा गरेर १५ हजार तीन सय ८३ पुगेको छ।

दुवै देशका सरकारी अधिकारी तथा उद्धारकर्मीले बिहीवार बिहान सार्वजनिक गरेको तथ्याङ्कमा सो जानकारी दिइएको समाचारमा जनाइएको छ।

बिहीवार बिहानसम्म टर्कीमा भूकम्पबाट ज्यान जाने नागरिक १२ हजार तीन सय ९१ जना पुगेका छन्। टर्कीको विपत् व्यवस्थापन विभागलाई उद्धृत गर्दै सो समाचार दिइएको छ।

त्यस भूकम्पबाट टर्कीका धेरैको मृत्यु टर्कीमा भूकम्पमा परी १२ हजार तीन सय ९१ जनाको मृत्यु भएको छ।

यस अघि टर्कीको विपद् व्यवस्थापन निकायले ४४ हजारभन्दा बढी मानिस घाइते भएको जनाएको थियो। घाइते भएकाहरू अस्पताल पुऱ्याइएका छन् र अस्पतालमा नै मानिसहरूको निधन भएका समाचारहरू आइरहेका छन्।

उता सिरियामा पनि सो भूकम्पमा परी बिहीवारसम्म ज्यान जाने व्यक्तिको सङ्ख्या एक हजार दुई सय नाघेको छ। त्यहाँ दुई हजारभन्दा बढी व्यक्ति घाइते भएका छन्।

टर्कीको दक्षिणी प्रान्त कहरामनमारसमा स्थानीय समय अनुसार सोमवार बिहान ४:१७ बजे ७.७ म्याग्निच्युडको भूकम्प गएको थियो भने त्यसको केही मिनेटपछि देशको दक्षिणी प्रान्त गाजियान्टेपमा ६.४ म्याग्निच्युडको भूकम्प गएको थियो। त्यस्तै सोही दिन दिउँसो १:२४ मा ७.६ म्याग्निच्युडको भूकम्प गएको थियो।

टर्की र सिरियामा सोमवार गएका दुई ठूला र घातक भूकम्पको केन्द्रविन्दु रहेको कहरमानमारासमा उद्धारकर्मीहरू जीवित व्यक्तिहरूको खोजीका लागि जुटेका छन्।

धेरै देश र विश्वव्यापी सहायता एजेन्सीहरूले भूकम्प प्रभावित क्षेत्रमा उद्धार टोली खटाई राहत सामग्री प्रदान गरिरहेका छन्।

यसै क्रममा बुधवार चिनियाँ उद्धार टोली चार्टर्ड विमानबाट टर्कीको भूकम्प प्रभावित क्षेत्रमा उद्धार कार्यमा सहयोग गर्न अदाना विमानस्थल आइपुगेको छ।

उता अमेरिकी अधिकारीहरूले पनि उद्धारको कामका लागि अमेरिकी टोली पठाइएको बताएका छन्। संयुक्त राष्ट्रसङ्घले पनि विभिन्न सहायता एजेन्सी पठाएर सहयोग गरिरहेको जनाएको छ।

**इयुद्वारा भूकम्प प्रभावित टर्किएका लागि ३६ उद्धार टोली परिचालन**

ब्रसेल्स/सिन्ह्वा

युरोपेली युनियन (इयु) सदस्य राष्ट्रहरू एवं इयु नागरिक सुरक्षा संयन्त्रमा सहभागी तीन देशले भूकम्प प्रभावित टर्की, जेनेजमा बुधवार ३६ वटा उद्धार र चिकित्सा टोली पठाउने प्रस्ताव गरेका छन्।

टोलीमा १५०० उद्धार र स्वास्थ्यकर्मी, १०० खोज तथा उद्धार कुकुर परिचालन गरिएको छ। रासस

## युक्रेनका राष्ट्रपति फ्रान्समा

पेरिस, २६ माघ/सिन्ह्वा

युक्रेनका राष्ट्रपति अकस्मात फ्रान्स भ्रमणमा पुगेका छन्। युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलिन्स्कीले फ्रान्सको भ्रमण गर्ने कार्यक्रम पहिले नै तय नभएको भए पनि उनी बुधवार अकस्मात फ्रान्स पुगेको बताइएको छ।

संयुक्त अधिराज्यको भ्रमणपछि उनी अकस्मात पेरिस पुगेको युक्रेनी राष्ट्रपतिको कार्यालयले बुधवार जारी गरेको एक सूचनामा जनाएको छ।

राष्ट्रपति जेलिन्स्कीले बुधवार नै फ्रान्सेली राष्ट्रपति इमानुअल म्याक्रोंसँग भेटवार्ता पनि गरेका छन्। त्यसैगरी उनले जर्मन चान्स्लर ओलफ स्कल्जसँग पनि पेरिसमा नै भेटवार्ता गरेका थिए। उनीहरूबीच बुधवार त्रिपक्षीय वार्ता भएको सो समाचारमा जनाइएको छ।

त्यसैगरी उनीहरू तीनैजना बुधवार राति रात्रिभोजमा पनि सहभागी भएको बताइएको छ। त्यस अवसरमा युक्रेनका राष्ट्रपति जेलिन्स्कीले युक्रेनको हालको अवस्थाबारे जानकारी गराएका थिए।

सो जानकारीपछि गएको वर्ष दिनदेखि रूसले आक्रमण गरी समस्यामा पारेको युक्रेनका लागि के कस्तो सहयोग पुऱ्याउन सकिन्छ भन्नेबारे कुराकानी भएको बताइएको छ।

गत वर्ष रूसले युक्रेनमाथि हमला गरेपछि फ्रान्स र जर्मनी युक्रेनको पक्षमा उभिएका मात्र नभएर, आर्थिक तथा सुरक्षासम्बन्धी सहयोग पनि गर्दै आएका छन्।

उनीहरूबीच बिहीवार पनि ब्रसेल्समा युरोपियन काउन्सिलको बैठकमा भेटवार्ता हुने बताइएको छ। सो बैठकमा युरोपियन युनियनका सदस्यहरू उपस्थित हुने र आगामी दिनमा दिइने सुरक्षा सहयोगबारे पनि कुराकानी हुने बताइएको छ। रासस

## बेलायतद्वारा रूसमाथि नयाँ प्रतिबन्धको घोषणा

लन्डन, २६ माघ/एएनआई

युक्रेन युद्धको विषयलाई लिएर बेलायतले रूसविरुद्ध थप प्रतिबन्धको घोषणा गरेको छ।

बेलायतका विदेश मन्त्री जेम्स क्लिभरलीले बुधवार रूसी सेना र क्रेमलिनका अभिजात वर्गविरुद्ध नयाँ चरणको प्रतिबन्धको घोषणा गरेका छन्।

युक्रेनका राष्ट्रपति जेलेन्स्की बेलायती प्रधानमन्त्री ऋषि सुनक र राजा चार्ल्ससँग भेटघाट गर्न बेलायत पुगेका छन्। उनले बेलायतको संसद्लाई सम्बोधन गर्ने कार्यक्रमबीच यो घोषणा भएको हो।

यो घोषणा युक्रेनविरुद्ध ड्रोनजस्ता विभिन्न किसिमका सैन्य उपकरणहरू उपलब्ध गराउने छवटा संस्था, कुलीन आठ व्यक्ति र एउटा संस्थाविरुद्ध केन्द्रित हुनेछ।

बेलायती विदेशमन्त्री क्लिभरलीले यो प्रतिबन्धले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनमाथि थप आर्थिक दबाब पर्ने बताएका छन्।

"यी नयाँ प्रतिबन्धले पुटिनमाथि आर्थिक दबाब थप बढ्नेछ। युक्रेनलाई विजयी बनाउन मदत गर्न र रूसलाई कमजोर पार्न म दृढ छु। यी कुरा हाम्रो कानूनसँग मेल खान्छन्"– उनले भने।

यो लागू प्रतिबन्ध सिएसटी, ड्रोन निर्माता, आरटी–कम्प्लेक्ट, द्वन्द्वमा प्रयोग हुने हेलिकप्टरका पार्टपुर्जाहरू बनाउने कम्पनी र अन्य सैन्य उपकरणहरूको ढुवानी व्यवस्थापन गर्ने ओबोरोनोलोजिस्टी, एन्टी–एयरक्राफ्ट मिसाइल निर्माणसँग सम्बन्धित छ। त्यसैगरी सैन्य उड्डयनमा संलग्न सफ्टवेयर कम्पनी टोपाज लगायतलाई पनि बेलायतले प्रतिबन्ध लगाएको छ।

यसका अतिरिक्त कुलीन लक्षित व्यक्तिहरूमा बोरिस टिटोभ, निकोले एगोरोभ, सर्गेई रूडनोभ, स्वेतलाना क्रिभोनोगिख र विक्टर म्याचिन रहेका छन्। यसबाहेक बेलायत सरकारले प्रतिबन्ध लगाएका व्यक्तिहरूमा एलेक्सी रेपिक, इभजेनी स्कोलोभ र पावेल टिटोभ समावेश छन्। रूस– युक्रेन युद्ध विगत एक वर्षदेखि जारी छ। रासस


### वीरगंज महानगरपालिकाको जनहितमा जारी अपील

यस महानगरपालिका अन्तर्गत सञ्चालित सबै संस्थागत विद्यालयले भर्ना भएको सङ्ख्याको १० प्रतिशतले हुन आउने विद्यार्थी सङ्ख्यालाई छात्रवृत्ति दिनुपर्ने अनिवार्य व्यवस्था भए बमोजिम छात्रवृत्ति वितरण गर्नुहुन सबै संस्थागत विद्यालयलाई सूचित गर्नुका साथै सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।


### आजको राशिफल

- मेष – मित्रमिलन
- वृष – अतिथिआगमन
- मिथुन – सुयश
- कर्कट – खर्चवृद्धि
- सिंह – धनलाभ
- कन्या – सफलता
- तुला – राज्यलाभ
- वृश्चिक – रोगभय
- धनु – व्यापारवृद्धि
- मकर – शत्रुपराजय
- कुम्भ – ज्ञानोदय
- मीन – भयचिन्ता

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


## ज्येष्ठ नागरिक र एकल महिला सम्मानित

दिनेश मिश्र, वीरगंज, २६ माघ/

पोखरिया नगरपालिका कार्यालयले नगरभित्रका ज्येष्ठ नागरिक र एकल




तस्वीरः प्रतीक

महिलालाई सम्मान गरेको छ।

नगरपालिकामा रहेका ७० जना ज्येष्ठ नागरिक, एकल महिलालाई नगरप्रमुख प्रद्युम्न चौहानले सम्मान गरेका थिए। उनले ज्येष्ठ नागरिक र एकल महिलालाई सम्मान गर्न पाउँदा गर्व महसूस गरेको बताए।

यो सम्मान कार्यक्रम पोखरिया नगरपालिकाले निरन्तर सञ्चालन गर्ने उनले बताए।

उपप्रमुख रूबि ठाकुरले एकल महिला र ज्येष्ठ नागरिकलाई परेको समस्या सम्बन्धमा न्यायिक समितिमा उजूरी दिन र त्यसको निरूपण सक्दो चाँडो गर्ने आश्वासन दिइन्।

उनले यी मुद्दाहरू न्यायिक समितिमा आउँदा प्राथमिकतामा राखेर सक्दो चाँडो निरूपण गर्ने बताइन्।

कार्यक्रम वडाध्यक्ष नौशाद आलमको अध्यक्षतामा भएको थियो भने एमाले नगर अध्यक्ष विन्ध्याचल ठाकुर, राजेश्वर रौनियार, सुनील साह, कौशल साह, रामवचन महतोलगायतको सहभागिता थियो।

## बेमौसमी तरकारी खेतीबारे किसानलाई तालीम

प्रस, वीरगंज, २६ माघ/

नेपाल सीप विकास परामर्श केन्द्रले बहुदरमाई नगरपालिकामा किसानहरूलाई बेमौसमी तरकारीसम्बन्धी तालीम दिएको छ।



तस्वीरः प्रतीक

नगरप्रमुख सिंहासनसाह तेलीले तालीमको उद्घाटन गर्दै बेमौसमी खेती गरेर किसानहरूले मनग्य आम्दानी गर्न सक्ने बताए। उनले मौसमी खेतीमा प्रतिस्पर्धा भएको र उत्पादन बढ्दा किसानहरूले परल मूल्य नपाउने गरेको बताए। उनले बेमौसमी खेती गर्दा किसानहरूलाई फाइदा हुने हुँदा यसतर्फ आकर्षित हुन सुझाए।

बेमौसमी तरकारी हालका दिनमा भारतबाट आयात हुने गरेको र नेपालमैं त्यसको खेती गर्दा किसानहरू लाभान्वित हुने बताए।

नगरपालिकाका किसानहरूलाई बन्दा, रामतोरई, कोभी, चम्सुर, रायोको सागलगायत विभिन्न बेमौसमी सागपातबारे कृषि कार्यालयका पूर्व प्रमुख श्यामकिशोर साहले प्रशिक्षण दिएका थिए।

संस्थाका अध्यक्ष विपिन उपाध्यायको अध्यक्षतामा भएको कार्यक्रममा योजना शाखाका प्रमुख रामअयोध्या प्रसादलगायतको सहभागिता थियो।

### पूर्व-पश्चिम विद्युतीय ...

पहिलेको रेखाङ्कन परिवर्तन गरेर नयाँ अध्ययन हुँदा कुल लम्बाइ परिवर्तन हुन सक्ने देखिएको छ। पुरानो रेखाङ्कन चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्ज भएर जाने गरी अध्ययन भएको थियो। अहिले निजगढ–हेटौंडा–भरतपुरको अध्ययन सकिदा लम्बाइ केही बढ्ने अनुमान छ।

नेपालमा रेल यातायातमा अहिलेसम्म उल्लेखनीय उपलब्धि हासिल भइ नसके पनि धेरै योजना अघि बढिरहेका छन्। नेपालसँग अन्तर्देशीय रेलमार्ग विस्तारमा दुवै छिमेकी देश भारत र चीनले चासो देखाइरहेका छन्। भारत सरकारको सहयोगमा सीमा क्षेत्रमा पाँच रेलमार्ग निर्माण गर्ने सम्झौता भएकोमा हाल दुई स्थानमा निर्माण भइरहेको छ।

भारत सरकारले रक्सौलबाट सङ्घीय राजधानी काठमाडौंसम्म रेलमार्ग निर्माणका लागि अध्ययन गरिरहेको छ। यस अघि नै पूर्वसम्भाव्यता अध्ययन गरिसकेको चीन सरकारले काठमाडौं–केरुङ रेलमार्ग निर्माणका लागि केही समय पहिले मात्रै विस्तृत अध्ययन शुरू गरेको छ। पहिले रेल यातायात भौतिक पूर्वाधार मन्त्रालयमा एउटा आयोजनाका रूपमा थियो। विसं २०६८ देखि रेल विभाग स्थापना भएपछि त्यसले नै रेल यातायातमा काम गरिरहेको छ।


### श्री जिल्ला उच्चाङ्गल रामदेव कलवार माध्यमिक विद्यालय

पोखरीया नगरपालिका–४, पर्सा (नेपाल)

**विषय:- करारमा सेवा लिने सम्बन्धी सूचना**

विद्यालय व्यवस्थापन समितिको मिति २०७९/०९/०२ गतेको निर्णय, पोखरिया नगरपालिकाको च.नं. १७८९ मिति २०७९/१०/०६ गते, शिक्षा विकास तथा समन्वय इकाई वीरगंज पर्साको च.नं. ८५१ मिति २०७२/१०/१७ गतेको प्राप्त अनुमति पत्रानुसार शिक्षक छनौट समितिको मिति २०७९/१०/२५ गतेको बैठक निर्णय बमोजिम यस विद्यालयमा रिक्त रहेको तपसिल बमोजिमका शिक्षक करार सेवामा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले तोकिएको शर्त सहित आवेदन दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। आवेदन फाराम र अन्य जानकारी विद्यालयबाट उपलब्ध हुनेछ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | विषय | शैक्षिक योग्यता | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०१–०७९/८० | प्रशिक्षक | मावि द्वितीय | इलेक्ट्रिकल इन्जिनियरिङ | M.E. वा सोसरह | १ | |
| २ | ०२–०७९/८० | शिक्षक | मावि द्वितीय | रसायन विज्ञान | M.Sc. in Chemistry | १ | |
| ३ | ०३–०७९/८० | प्रशिक्षक | मावि तृतीय | इलेक्ट्रिकल इन्जिनियरिङ | B.E. वा सोसरह | १ | |
| ४ | ०४–०७९/८० | शिक्षक | मावि राहत | गणित | B.Ed. वा सोसरह | १ | |

**शर्तहरू:**

१. नेपाली नागरिकताप्राप्त।
२. उमेर हद नेपाल सरकारले तोकेबमोजिम (१८ वर्ष पूरा भई ४० वर्ष ननाघेको)।
३. तोकिएका शैक्षिक योग्यता प्रमाणित कागजातहरू।
४. सेवा सुविधा नेपाल सरकारले तोकिएको बमोजिम।
५. विज्ञापन नं. ०१, ०२ र ०३ मा अध्यापन अनुमतिपत्र भएकालाई ग्राह्यता दिने र विज्ञापन नं. ०४ मा अध्यापन अनुमतिपत्र अनिवार्य हुनुपर्ने।
६. वैदेशिक संस्थाबाट प्राप्त शैक्षिक योग्यता भएकोलाई त्रि.वि.बाट समकक्षता प्राप्त भएको हुनु पर्ने।
७. अध्यापन अनुभव भएकोलाई ग्राह्यता दिइने।
८. विज्ञापन नं. ०१ र ०३ को हकमा नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको प्रमाणपत्र हुनु पर्ने।
९. छनौट प्रक्रिया : लिखित र अन्तरवार्ता (आवश्यक भए कक्षा अवलोकन)।
१०. आवेदन दस्तुरः यस विद्यालयको नाममा रहेको खाता नं. १७२०१००००००९००१ मा रू २५००/– (दुई हजार पाँचसय मात्र) जम्मा गरेको सक्कल भाउचर निवेदन साथ संलग्न गनुपर्ने।
११. आवेदन दिने स्थानः विद्यालयको प्रशासन शाखा।
१२. आवेदन दिने अन्तिम मितिः २०७९/११/११ बिहीवार बेलुकी ५:०० बजेसम्म।
१३. सम्पर्क मिति : २०७९/११/१२ गते दिउँसो २ बजेपछि वा सम्पर्क नं. ९८६३६६१९२७, ९८४५१८५६९७
१४. कैफियतः सम्पर्क मितिको दिन परीक्षाको मिति तय गरिनेछ।

**ओमप्रकाश साह रौनियार**
**(प्रधानाध्यापक)**

# वेब सिरिज मिस स्कार्लेटको छायाङ्कन शुरू

प्रस, परवानीपुर, २६ माघ/

नेपाली कथानक वेब सिरिज मिस स्कार्लेटको छायाङ्कन वीरगंजमा शुरू भएको छ। कान्तिपुर फिल्म एकेडेमी काठमाडौंले निर्माण गर्न लागेको वेब सिरिजको एक सातादेखि छायाङ्कन भइरहेको छ। सिरिज युनिट वीरगंजको क्लार्क रिसोर्टमा बसेर वीरगंज आसपासको स्थानमा छायाङ्कन गरिरहेको जनाएको छ। वीरगंजकै सेरोफेरो र यहाँकै कथावस्तुमा आधारित सिरिजलाई पर्साकै बिन्दवासिनी गाउँपालिका–२ बहुअर्वाभाठा बस्ने बलिराम चौहानले निर्देशन गरिरहेका छन्। कथा पनि उनले नै लेखेका छन्। साइकोलोजिकल सस्पेन्स थ्रिलर विधामा निर्माण भइरहेको यो वेब सिरिज सम्भवतः नेपालकै पहिलो नेपाली कथानक वेब सिरिज भएको निर्माता कान्तिपुर फिल्म एकेडेमीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) प्रकाश पुरीले बताए।

४ वर्ष पहिले कथा फुरेपनि कथाको विषयवस्तु बलियो र दर्शकले हेर्न लायक बनाउन मेहनत गर्नुपरेको स्मरण गर्दै चौहानले भने–"कथा लेखेर मात्रै नहुने रहेछ, धेरै कुरा मिल्नुपर्ने रहेछ। शुरूमा मैले यस कथालाई 'चकलेट' शीर्षक दिएको थिएँ, पछि धेरै कुरा काटछाँट गरेर कान्तिपुर फिल्म एकेडेमीसँग भेटेर छलफल गरेपछि छायाङ्कन शुरू गरेका छौं।" शुरूमा फिल्म बनाउने लक्ष्य थियो तर सिरिज बनाउने सल्लाह भएपछि पहिलो सिजन अनुसार ६ अङ्कको छायाङ्कन शुरू भएको उनले बताए। यो सिरिजको पहिलो सिजनका अङ्कहरू दर्शकले रुचाएपछि अन्य सिजनबारे काम थालिने छ।

लेखक–निर्देशक चौहानसँगै सिरिजमा मुख्य भूमिकामा देखिने कलाकार पनि वीरगंजकै हुन्। वीरगंज महानगरपालिका–१३ राधेमाई निवासी १८ वर्षीय कुल श्रेष्ठ (कमल ओझा) मुख्य कलाकारको रूपमा देखिँदैछन्। उनी वीरगंजकै ग्लोबल बिजनेस कलेजमा कक्षा १२ मा अध्ययनरत छन्। "अभिनयमा रुचि भए पनि अवसरको खोजीमा थिएँ, त्यही समयमा यति ठूलो सिरिजमा मुख्य भूमिकामा अभिनय गर्न पाउनु मेरो लागि गर्वको कुरा हो" श्रेष्ठले भने–"यो मेरो ड्रिम रोल हो, निर्माण पक्षले ममाथि गरेको विश्वास जित्न र कथासँग न्याय गर्न सक्छु भन्ने आत्मविश्वास छ।"

श्रेष्ठसँगै गीत बिष्ट पनि प्रमुख भूमिकामा छिन्। आलिशा बास्तोला, शबी थापा, दिलीप नेपाल, सुमित्रा अधिकारी, कपिल रसाइलीलगायतको अभिनय सिरिजमा देख्न सकिने कान्तिपुर फिल्म एकेडेमीका सिइओ पुरीले


तस्वीरः प्रतीक

जानकारी दिए।

पछिल्लो समय चलचित्रभन्दा पनि वेब सिरिजप्रति आकर्षण बढ्दै गएको चर्चा गर्दै उनले भने–"विश्व बजारमा पनि फिल्मभन्दा वेब सिरिजप्रति आकर्षण बढ्दै गएको छ, हाम्रै छिमेकी देश भारतका चर्चित कलाकारहरू फिल्मभन्दा सिरिजमा बढी व्यस्त देखिन्छन्, त्यसले हामी पनि अग्रसर भएका हौं।" चलचित्र हलमा पनि व्यापार नहुने र दर्शकहरूलाई पनि हलसम्म पुग्नुभन्दा नेटफ्लिक्स, एमेजोनलगायत डिजिटल प्लेटफर्महरूमा हेर्न सहज हुने अवस्थालाई मध्यनजर गर्दै सिरिज बनाउन शुरू गरिएको पुरीको भनाइ छ। निर्देशक बलिराम चौहानलाई सुदिप कुँवर र अनिता स्याङ्वो र विशाल राईले सघाइरहेका छन्।

सुदिप मुख्य सहायक निर्देशकको रूपमा यस सिरिजसँग जोडिएका छन् भने अनिता सहायक निर्देशकको रूपमा आबद्ध भएकी छन्।

सुदिपले यस अघि छक्कापञ्जा, नाइँ नभन्नु ल, परदेशीलगायत चलचित्रमा सहायक निर्देशकको रूपमा काम गरिसकेका छन् भने अनिताले पनि 'नाइँ नभन्नु ल' मा सहायक निर्देशकको रूपमा काम गरेको अनुभव बटुलेकी छन्। टलकजङ्ग भर्सेस टुल्के, ठूली, श्री लगायत चलचित्रको छायाङ्कन गरेका शेरबहादुर तामाङले सिरिजको छायाङ्कन गरिरहेका छन्।

छायाङ्कनमा तामाङलाई विनोद क्षत्री, गणेश दुलाल, जेमिन राई र अर्नब श्रेष्ठले सघाइरहेका छन्। विशेषगरी अभिनय, छायाङ्कन, भिडियो इडिटिङ लगायत विषयमा अध्ययन एवं अध्यापन गराउने कान्तिपुर फिल्म एकेडेमीले यस अघि 'म' चलचित्र बनाएको छ। यसका साथै अन्य विभिन्न शर्ट मुभी र विभिन्न परियोजनामा वृत्तचित्रहरू बनाइसकेको एकेडेमीले जनाएको छ।

# आइएमई सेवाग्राहीविहीन

प्रस, वीरगंज, २६ माघ/

वीरगंजका इन्टरनेशनल मनि एक्सप्रेस (आइएमई)हरू अहिले सेवाविहीन भएका छन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय




रूपमा पैसा पुर्‍याउने र ल्याउने कार्यमा सक्रिय आइएमईहरूको, पछिल्लो समयमा नेपाल राष्ट्र बैंकको निर्देशनपछि सेवा पातलिएको हो।

राष्ट्र बैंकले विदेशबाट पठाउने रेमिटेन्सलगायत रकममध्ये २५ हजारभन्दा मुनिको मात्र आइएमईबाट पाउन सकिने र त्यसभन्दा माथिको रकम बैंकमार्फत लिनुपर्ने प्रावधान लगाएपछि आइएमई सेवा पातलिएको हो। एक दशक अघिदेखि वीरगंजलगायत देशभर आइएमई सेवा प्रभावकारी थियो। खासगरी वैदेशिक रोजगारमा गएकाहरूले यही माध्यमबाट रकम पठाउने र परिवारजनले बुझ्ने गरेका थिए। तर अहिले रेमिटयान्सको रकम आइएमईमार्फत कमै आइरहेको छ।

प्रायः वैदेशिक रोजगारमा गएकाहरूले २५ हजारभन्दा माथि रकम पठाउने गरेको कारण आइएमईबाट निकाल्न नपाउँदा सेवाग्राहीहरू बैंक पुगेका छन् र बैंकमा यस कारण पनि भीड बढेको छ। विदेशबाट आउने रकमको हकमा राष्ट्र बैंकको यो नीतिको कारण आइएमई सेवा पातलिएको त छँदैछ, अर्को तिर राष्ट्रिय स्तरमा एक हजार रकम पठाउँदा पनि नागरिकता, सवारी चालक अनुमतिपत्रजस्ता व्यक्तिको परिचयपत्रको फोटोकपी अनिवार्य गरिएको कारण सेवा पातलिएको आइएमई सञ्चालकहरूले बताएका छन्।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## शौचालयको प्रयोग गरौं, सङ्क्रमणबाट जोगिऔं

- खुला स्थानमा दिसापिसाब नगरौं।
- शौचालयमा मात्र दिसापिसाब गरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तीमा २० सेकेन्डसम्म राम्ररी साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।
- जीवाणुलगायतको सङ्क्रमणबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## नेत्रहीन क्रिकेट प्रतियोगिताः गोर्खा र मधेस प्रदेश विजयी

प्रस, वीरगंज, २६ माघ/

वीरगंजको नारायणी रङ्गशालामा हिजोदेखि सञ्चालित नेत्रहीन क्रिकेट प्रतियोगिता अन्तर्गत आज दोस्रो दिन दुईवटा खेल सम्पन्न भएको छ।


तस्वीरः प्रतीक

पहिलो खेलमा गोर्खा र प्रदेश नं. १ बीच भएको खेलमा गोर्खा विजयी भएको छ। टस जितेको प्रदेश नं. १ ले गोर्खालाई ब्याटिङको निम्ता दिएको थियो। निर्धारित १५ ओभरको खेलमा गोर्खाले १ विकेटको क्षतिमा १७७ रन बनायो। प्रत्युत्तरमा प्रदेश नं. १ ले निर्धारित ओभरमा १५९ रन मात्र बनाउने सक्यो र पराजित भयो। पहिलो खेलमा गोर्खाकी विनिता पुनले १०२ रन बनाएर प्लेयर अफ द म्याचको उपाधि जितिन्।

दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको चितवनले निर्धारित ओभरमा १४४ रन बनायो। प्रत्युत्तरमा १२ ओभरमैं मधेस प्रदेशले २ विकेटको नोक्सानीमा लक्ष्य हासिल गर्‍यो।

दोस्रो खेलमा १ विकेटसहित ६० रन बनाएकी मनकेसी चौधरीले प्लेयर अफ द म्याचको उपाधि पाइन्।

# बालबालिका यौन शोषण र लोक अदालतबारे जागरूकता कार्यक्रम

राजेश केशरीवाल, रक्सौल, २६ माघ/

सीमावर्ती आदापुर प्रखण्डस्थित चन्द्रमन पञ्चायतको कोरैया गाउँमा बाल कोरैया, पिपराकोठी एवं जिल्ला विधिक सेवा प्राधिकरण पूर्वी चम्पारणको सहयोगमा शनिवार २८ गते कुमारले स्थानीयलाई मानव तस्करी, बाल यौन शौषण, बालविवाह, बाल मजदूरी रोकथामबारे समुदायमा जागरूकता




विवाह, मानव तस्करी, बाल यौन शोषण, बालमजदूरी रोकथामबारे सामुदायिक जागरूकता कार्यक्रम सम्पन्न भएको छ।

प्रयास संस्थाको आयोजना र सशस्त्र सीमा बल एसएसबी ७१ औं बटालियन (११ फरवरी) का दिन आयोजना हुन लागेको लोक अदालतबारे स्थानीय जनतालाई जागरूक गरिएको थियो।

कार्यक्रममा प्रयासकी आरती कुमारी, एसएसबीका इन्स्पेक्टर राजनन्दन बढाउन आग्रह गरेका थिए।

कार्यक्रममा राज गुप्ता, एसएसबीका सुधीरकुमार, पङ्कजकुमार, राजकुमार, कन्हैया कुमारलगायत गाउँलेको सहभागिता थियो।

### गरुडा नपाको कार्यालय ...

जिम्मेवारी दिएपछि आजदेखि उनले कार्यभार सम्हालेका हुन्। झालाई कार्यालय प्रमुखको रूपमा हाजिर गराउन नगर प्रमुख कन्थमणिप्रसाद कलवार तथा उपप्रमुख पूनमकुमारी चौधरीसहित वडाध्यक्षहरू र कार्यालयका कर्मचारीहरूको उपस्थिति थियो।

कार्यालयमा हाजिर भएपछि झाले सर्वसाधारणले पाउने सेवा–सुविधा पारदर्शी किसिमले सहजताका साथ प्रदान गरिने बताए। उनले कार्यालयको काममा कुनै ढिलासुस्ती नहुने तथा सेवाग्राहीलाई मर्का पर्न नदिने बताए।

# प्रनि मल्लको बिदाइ

प्रस, वीरगंज, २६ माघ/

वीरगंज महानगरपालिकाका


तस्वीरः सौजन्य

उपप्रमुख इम्तियाज आलमले वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरीक्षक विशाल मल्ललाई बिदाइ गरेका छन्।

पर्सा जिल्लाबाट सरुवा भएका प्रनि मल्ललाई उपप्रमुख आलमले फूलमाला, खादा ओढाएर बिदाइ गरेका हुन्। उनले वप्रका बिर्तामा रहेर राम्रो कार्य सम्पादन गरेका मल्ललाई प्रगतिको शुभकामना दिंदै बढुवा भएर पुनः पर्सा जिल्लामा आउन निम्तो पनि दिए। कार्यक्रममा धर्मराज यादव, नेहा महतो, सजाद हुसेनलगायतको सहभागिता थियो।

### भारतीय बजारका कारण ...

मारमा परेको उपभोक्ताको गुनासो छ।

वीरगंज महानगर–१२ मुर्लीकी सरिता देवी कुर्मी चामलको मूल्य अचानक बढेपछि गर्जो टार्न समस्या हुने गुनासो गर्छिन्।

भारतले नेपालका लागि चालू वर्षमा छ लाख टन धान निकासी गर्ने कोटा निर्धारण गरेको कारण भारतमैं धानको मूल्य बढेकोले नेपालमा पनि धानको मूल्यसँगै चामलको मूल्य पनि बढ्दा उपभोक्ताहरू मारमा परेका हुन्।

नेपाल चामल तेल दाल उद्योग सङ्घका केन्द्रीय अध्यक्ष सुबोध गुप्ता भारतले गत वर्षदेखि समर्थन मूल्य पाँचदेखि छ रुपियाँ बढाएर बिक्री गर्ने गरेको र भारतबाट धान, चामल नेपालतर्फ आयात गर्दा त्यसमैं भन्सार कर र भाडा जोडेर नेपालतर्फ बिक्री गर्नुपर्ने भएकोले मूल्यवृद्धि भएको बताउँछन्। उनी अझ पनि नेपाल धान चामलका लागि ५० देखि ६० प्रतिशत भारतमैं निर्भर रहेको र नेपालको बजारमा पनि भारतकै धान, चामलको समर्थन मूल्यले ठाउँ लिने हुँदा यस्तो अवस्था सिर्जना भएको बताउँछन्।

गत वर्ष यही याममा सोना मन्सुली धानको मूल्य प्रतिक्विन्टल रु दुई हजार आठ सय थियो भने हाल तीन हजार एक सय रुपियाँ छ।

त्यही धान भारतमा प्रतिक्विन्टल रु तीन हजार दुई सय ५० रुपियाँ अर्थात् नेपालको धान, चामलको मूल्य पनि भारतीय बजारका आधारमा निर्धारण हुँदै आएको सुबोध गुप्ताको भनाइ छ।